पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार
राष्ट्रिय दैनिक
# टुडे एक्सप्रेस
www.etodayexpress.com
इ-पेपर हेर्नका लागि

❑ वर्ष १६ ❑ अंक ३८७ ❑ पृष्ठ ८ | २०७८ पुष ०५ सोमवार ( 2021 DECEMBER 20 MONDAY ) | ❑ मुल्य रु ५।-

मौलिक संस्कृतिको संरक्षण गर्नु साझा दायित्व हो 03 | तीन पर्व, नाम फरक मर्म एउटै 05 | किसानबाट उपभोक्तासम्म अण्डा पुर्‍याउँदै दाउन्ने 07

## प्रदेश २ को आन्तरिक मामिला तथा संचार मन्त्रालयमा ऐन विपरीत ३ स्वकीय सचिवको नियुक्ती

**टुडे एक्सप्रेस** / जनकपुरधाम

साइकल खरिदमा भ्रष्टाचार गरिएको भनेर वदनाम प्रदेश नं २ मा ऐन विपरित नियुक्ती बाडिएको नमुना पुनः सार्वजनिक भएको छ। प्रतिपक्षमा रहदा प्रदेश २ सरकारले भ्रष्टाचार गरेर प्रदेश नै डुवाए भनेर हल्ला खल्ला गर्ने माओवादी केन्द्र आफै सरकारमा सहभागी भएपछि आफै ऐनलाई धज्जीया उडाएको देखिएको छ।

सरकारमा सहभागी भएको पाँच महिना नबित्दै प्रदेश २ सरकारका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत प्रसाद साह ले ऐन विपरित आफु अनुकुलको नियुक्ती बाडेको देखिएको छ। प्रदेश सरकारमा माओवादी केन्द्रबाट साहले गत साउन २ गते औपचारिक रुपमा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको जिम्मेवारी पाएका थिए। गाडी सुविधाबाट वंचित रहेकी आफनै पार्टीबाट राज्य मन्त्री बनेकी रुवी कर्णलाई न्याय दिलाउन नसकेका मन्त्री साहले निजी सचिवालयमा मात्रै तिनजना स्वकीय सचिव नियूक्त गरेका छन्। जबकी मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी ऐन २०७५ मा मन्त्रीले द्वितिय श्रेणी वा सो सरहको एक र तृतिय श्रेणी वा सो सरहको एक गरि बढिमा २ जना स्वकीय अधिकृत मात्र राख्न पाउने स्पष्ट उल्लेख गरिएको छ। तर, मन्त्री साहले आफ्नो सचिवालयमा ३ जना स्वकीय सचिव र एकजना प्रेस सल्लाहकार नियूक्त गरी राज्यकोषको दोहन गरिरहेका छन्।मन्त्री साहले प्रमुख स्वकीय सचिवमा महोत्तरीका विजय यादव, स्वकीय सचिवमा महोत्तरीकै श्रीकिशोर साह र निजी सचिवमा पर्साका छठू चौधरीलाई नियूक्त गरेका छन्। त्यस्तै, उनले प्रेस सल्लाहकारमा शिवम साहलाई राखेका छन्। उनले आफ्ना नजिकका व्यक्तिलाई यी पदहरूमा राखेको स्रोतको भनाइ छ। निजी सचिवालयमा यति धेरै संख्यामा मनोमानी रुपले कर्मचारी नियूक्त गरिएपनि कुनैपनि कर्मचारी समयमा कार्यालय पुग्दैनन्।आइतबार बिहान ११ बजे मन्त्रालयमा पुग्दा अधिकांश कर्मचारीहरू कार्यालय पुगेका थिएनन्। प्रमुख प्रतिपक्षी दलका नेता समेत रहेका लोकतान्त्रिक समाजवादी पार्टीका प्रमुख सचेतक परमेश्वर साहले आफूलाई सर्वहारा भन्न रुचाउने माओवादी केन्द्रका नेताहरूले यस प्रकारका क्रियाकलापहरू गर्नु प्रदेशका लागि समेत घातक रहेको बताए।'माओवादी केन्द्र सरकारमा सहभागी हुँदा जनतासँग गरेको वाचा पूरा नै नगरि सर्वहारा नेताहरू यसरी विलासितामा लिन हुनु दुःखद छ,'उनले भने,'सर्वहाराको नाममा पद पाएपछि यिनीहरू सबैथोक बिर्सिन्छन्।'उनले भने,'माओवादी जनयुद्धका बेला यिनीहरूले देशमा एकात्मक शासन प्रणालीलाई परिवर्तन गर्ने आवाज त उठाए तर, सत्ताको स्वाद चाख्ने अवसर पाएपछि जनतासँग जनयुद्धको समयमा गरेका सबै वाचा बिर्सेर बिलासितामा लाग्नु ठूलो दुःखको कुरा हो।' मन्त्री साहले यसअघि पनि मन्त्रालयसँग ८ वटा चारपांग्रे सवारीसाधन हुँदाहुँदै थप संख्यामा सवारीसाधन खरिद गर्नका लागि अर्थ मन्त्रालयसँग करोडौं रुपैयाँ मागेका थिए। स्रोतका अनुसार मन्त्री साहका लागि २ लाख ५० हजार रुपैयाँ पर्ने मोबाइल खरिद गर्नसमेत अर्थ मन्त्रालयसँग पैसा मागिएको छ।आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका लागि थप ३ वटा गाडी खरिद गर्न अर्थ मन्त्रालयसँग थप ३ करोड ७ लाख रुपैयाँ माग गरिएको छ। सरकारका प्रवक्ता समेत रहेका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले अर्थ मन्त्रालयले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका लागि १ करोड २० लाखका दरले थप २ वटा गाडी खरिद गर्न बजेट निकासा गर्ने प्रक्रियामा रहेको जानकारी दिए। उनले गाडी व्यवस्थापन, मुख्यमन्त्री तथा मन्त्रीहरूको आवास व्यवस्थापन, मन्त्रालयहरूको विजुली बिल तिर्नलगायतका व्यवस्थापन गर्न एउटा छुट्टै निकाय गठन गर्ने प्रक्रिया समेत चाँडै सुरु गर्ने बताए। आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयसँग अहिले पनि ८ वटा गाडी उपलब्ध छ। आन्तरिक मामिला तथा सञ्चारमन्त्री साह र राज्यमन्त्री कर्ण सफारी गाडी चढ्दै आइरहेका छन्। त्यस्तै, सचिव रामकुमार महतोले टोयटाको रस गाडी प्रयोग गरिरहेका छन्। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत आर्थिक वर्ष २०७७-०७८ मा पदाधिकारीको पारिश्रमिकमा १६ लाख ५८ हजार रुपैयाँ खर्च गरेको छ। त्यस्तै, निजामती कर्मचारीको पोशाकमा समेत २ लाख ८० हजार रुपैयाँ खर्चिएको छ।मन्त्रालयले भत्ताको नाममा समेत लाखौँ खर्चेको देखिएको छ। समितिको बैठक भत्ता शीर्षकमा १ लाख ४३ हजार, मूल्यांकन समितिको बैठक भत्तामा १ लाख ७१ हजार, निजामती कर्मचारीले पाउने भत्तामा ८ लाख २८ हजार, पदाधिकारी बैठक भत्ता १२ लाख ६४ हजार, पदाधिकारीको अन्य सुविधाबापत ५३ लाख ८८ हजार, पानी तथा बिजुलीमा १ लाख ८८ हजार, सञ्चार महसुल २ लाख ८३ हजार, पदाधिकारीको इन्धनमा १२ लाख ४० हजार, कार्यालय प्रयोजनका लागि इन्धनबापत ११ लाख ४४ हजार, सवारीसाधन मर्मतमा २४ लाख ९६ हजार र मसलन्द तथा कार्यालय सामग्रीमा २८ लाख ७० हजार रुपैयाँ मनोमानी रुपले खर्च गरिएको देखिएको छ।त्यस्तै, पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशनबापत १५ लाख रुपैयाँ खर्चिएको छ भने सेवा र परामर्शबापत ७ लाख ७९ हजार, विद्यार्थीका लागि भित्तेपत्रिका सम्बन्धी गोष्ठीमा ४७ लाख ७८ हजार, क्यालेण्डर प्रकाशनमा ४ लाख ९८ हजार, दुर्व्यसनमुक्त युवा अभियानका लागि २९ लाख ५१ हजार, सुरक्षित बेटी अभियान शीर्षकमा १६ लाख ९७ हजार, विपद राहत सामग्री खरिदमा १३ लाख ४७ हजार, शान्तिका लागि खेलकुद कार्यक्रममा २९ लाख १७ हजार, शान्तिका लागि खेलाडीहरूको बन्द प्रशिक्षणमा १३ लाख ७ हजार रुपैयाँ खर्च गरेको देखिएको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयका पदाधिकारीले कोरोनाकालमा पनि विभिन्न अवलोकन तथा भ्रमण गरेको देखिएको छ। पदाधिकारीको भ्रमण खर्चबापत २२ लाख १३ हजार रुपैयाँ खर्चिएको हो। त्यस्तै, विविध खर्च १९ लाख ९४ हजार, शान्ति सुरक्षा विशेष विविध खर्चमा २६ लाख ७० हजार गरी सो मन्त्रालयले कुल ११ करोड ९४ लाख ५३ हजार रुपैयाँ खर्च गरेको देखिएको छ।



**अनुसूची - २**
(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
**मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी**

| क्र.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प. प्रथम श्रेणी वा सो सरह) | जना | १ | | | |
| २. | स्वकीय अधिकृत (रा.प. द्वितीय श्रेणी वा सो सरह) | जना | १ | १ | १ | १ |
| ३. | स्वकीय अधिकृत (रा.प. तृतिय श्रेणी वा सो सरह) | जना | २ | १ | | |
| ४. | कम्प्युटर अपरेटर | जना | १ | १ | | |
| ५ | प्रशासन सहायक रा.प.अनं प्रथम श्रेणी वा सो सरह) | जना | १ | १ | १ | |
| ६. | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | २ | १ | १ | १ |
| ७. | सवारी चालक | जना | ३ | २ | १ | १ |
| ८. | कुक | जना | १ | १ | १ | १ |
| ९. | स्वीपर | जना | १ | १ | | |
| १०. | माली | जना | १ | | | |

## निर्वाचन प्रणाली सुधारका लागि जनकपुरधाममा संवाद




**टुडे एक्सप्रेस** / जनकपुरधाम

मुलुकमा व्याप्त निर्वाचन प्रणाली महगो र असुरक्षीत हुदै गएको प्रति सुधारका उपायहरू सम्वन्धि संवाद कार्यक्रम भएको छ। आइतवार जनकपुरधाममा आयोजना गरिएको निर्वाचन प्रणाली सुधार विषयक संवाद कार्याक्रममा वक्ताहरूले संघ र प्रदेशमा हाल आवलम्वन गरिएको निर्वाचन प्रणाली उममेदवार,राजनीतिक दल,निर्वाचन आयोग र सुरक्षा व्यवस्थापनका लागि समेत महगो भएको भन्ने व्यापक गुनासो आएकोले यसको सुधारका लागि निती निमार्ण गर्नुपर्ने वताए। वक्ताहरूले निर्वाचन प्रणाली समानुपातिक समावेशी हुन नसकेको भन्ने चुनौतीलाई परास्त गर्नका लागि राज्यले ठोस पहल गर्नुपर्ने वताए। निर्वाचन प्रणालीले शासकीय स्थिरता सुनिश्चित गर्न नसकेका कारण विधिको शासन ,शुशासन र विकासमा समेत चुनौती आएको कार्यक्रमा वक्ताहरूको भनाई रहेको थियो। प्रदेश २ का अर्थमन्त्री शैलेन्द्र साह र उद्योग मन्त्री शत्रुधन महतोको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा स्थानिय तह निर्वाचनमा दलगत प्रतिस्पर्धाका कारण नागरिकमा विभाजन देखिएकाले सहभागीता मुलक लोकतन्त्र र विकासमा वाधा पुगेको ठहर गर्दै यसलाई सम्वोधन गर्नका लागि आवश्यक संवाद गरिएको थियो।नीति अनुसन्धान प्रतिष्ठानको आयोजनामा संचालन गरिएको कार्यक्रममा निर्वाचन आयोगका पुर्व आयुक्त निलकंठ उप्रेती,डा.विष्णुराज उप्रेती लगायतको उपस्थिती रहेको थियो।

## एमसिसीबारे छलफल गर्न सत्तारूढ गठबन्धनद्वारा कार्यदल गठन

**टुडे एक्सप्रेस** / काठमाडौँ

सत्तारुढ गठबन्धन दलहरूले संयुक्त राज्य अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)बारे अन्य दलसँग छलफल गर्न र टुङ्गोमा पुग्न तीन सदस्यीय कार्यदल बनाएका छन्। प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आइतवार आह्वान गर्नुभएको सत्तारुढ गठबन्धनको बैठकले सो सहमति गरेको हो।

कार्यदलमा नेकपा (एकीकृत समाजवादी)का वरिष्ठ नेता झलनाथ खनाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र नेकपा (माओवादी केन्द्र) का उपाध्यक्ष नारायणकाजी श्रेष्ठ रहनुभएको छ।कार्यदलले संसद् बैठक सुचारु गर्नेदेखि संसद्मा विचाराधिन विभिन्न विषय अगाडि बढाउने सम्बन्धमा दलहरूसँग आवश्यक परामर्श र छलफल गर्ने कार्यादेश पाएको बैठकमा सहभागी एक नेताले राससलाई जानकारी दिनुभयो। बैठकमा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र उपाध्यक्ष श्रेष्ठ, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र महासचिव वेदुराम भुसाल, जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई र अध्यक्ष उपेन्द्र यादव सहभागी हुनुहुन्थ्यो।

पाँच दलीय सत्तारुढ गठबन्धनको बैठकपछि आइतवारनै संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको बैठक बसेको थियो। बैठकमा संसद्मा जारी गतिरोध अन्त्य गर्ने, संसद्मा विचाराधिन विषयलाई अगाडि बढाउनेलगायत समसामयिक विषयमा छलफल भएको प्रधानमन्त्री देउवाका कानुन विज्ञ अधिवक्ता केशवराज जोशीले जानकारी दिनुभयो।रासस

## ट्राफिक प्रहरीद्वारा नि:शुल्क स्वास्थ्य शिविर

**टुडे एक्सप्रेस** / जनकपुरधाम

जनकपुरधाममा जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले आयोजना गरेको साप्ताहिक ट्राफिक सचेतना कार्यक्रम अन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ।ट्राफिक प्रहरीबिट मुजेलियामा आइतबार बिहान नि:शुल्क स्वास्थ्य शिविर आयोजन गरेको थियो। शिविरमा रामजानकी हस्पिटलका डा. श्रीराम शर्माले बिरामीहरूको स्वास्थ्यजाँच गरेका छन्।सो अवसरमा जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक नवराज न्योपाने,

ट्राफिक प्रहरी बिट मुजेलियाका प्रहरी सहायक निरीक्षक राजिव तिवारी लगायतको उपस्थिति रहेको थियो।

## मुलुकभरि एकैसाथ खोप दिने सरकारको अभियान
## कागजमै,प्रदेश २ मा सुरु भएन मोडर्ना खोप अभियान

**टुडे एक्सप्रेस** / जनकपुरधाम

नेपाल सरकारले आइतवारबाट देशभरका ५७ जिल्लामा एकै साथ मोडर्ना खोप दिने अभियान सञ्चालन गरेपनि यस प्रदेशमा सञ्चालन हुन सकेन।पहिलो चरणमा प्रदेश २ को पाँचवटा जिल्लामा पुस ४ देखि १४ गते सम्म मोडर्ना खोप दिने समय निर्धारण गरिएको थियो। प्रदेशको सिरहा, महोत्तरी, रौतहट र बारामा मोडर्ना खोप अभियान सञ्चालन हुने तालिका रहेको थियो तर आइतवार देखि हुने भनिएको अभियान सञ्चालन हुन नसकेको स्वास्थ्य निर्देशनालय प्रदेश २ का निर्देशक विजय झाले जानकारी दिए। निर्देशक झाले प्रदेश २ को कुनै जिल्लामा मोडर्ना खोप अभियान सञ्चालन नभएको बताए। उनले भने, 'जिल्ला खोप समन्वय समतितिको निर्णयमा ४ गते देखि भ्याक्सिन दिने निर्णय गरेको छ। यसमा यो पनि भनिएको छ, जिल्लाको अवस्था अनुसार तपाईहरू खोप अभियान सञ्चालन गर्नुस', उनले खोप अभियान सञ्चालन गर्नका लागि आइसप्याक पनि आवश्यकता रहेको र यिनिहरूलाई बिचबिचमा बिसिजि, बिसिटि लगायतका भ्याक्सिन अभियान समेत सञ्चालन गर्नुपर्ने भएकोले आइसप्याक, भ्याक्सिन क्यारियर, जनशक्ति सबैलाई हेरेर जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारीहरूको अध्यक्षतामा रहेको समितिमा निर्णय गराएर समय सारिएको बताए। निर्देशक झाका अनुसार रौतहटमा १२ गते देखि, महोत्तरीमा ७, सिरहा ५ देखि ८ र ११ देखि १४ गते सम्म मोडर्ना खोप अभियान सञ्चालन हुने बताए। त्यस्तै अन्य जिल्लाहरूले समेत मोडर्ना खोप अभियानका लागि समय निर्धारण गरिएको छ भने सप्तरी, धनुषा र पर्सामा फाइजर खोप अभियान जारी रहेकाले मोडर्ना खोप अभियान सञ्चालन नहुने निर्देशक झाले बताए।




## गाँजा बोकेको स्कारपियो दुर्घटनाग्रस्त

**टुडे एक्सप्रेस** / जनकपुरधाम

धनुषामा गाँजा बेकेको भारतीय नम्बर प्लेटको स्कारपिओ दुर्घटना भएको छ। सोहि स्कारपिओबाट लागुऔषध साढे १९ किलो गाँजासहित एक भारतीय युवक पनि पक्राउ परेका छन्।

पक्राउ पर्नेमा विहार राज्यको मधुवनी जिल्ला खिरहर थाना हिसार ग्राम पञ्चायत बस्ने २२ वर्षीय विजय कुमार महतो रहेका छन्। उनलाई इलाका प्रहरी कार्यालय ढल्केवरले भारतीय बी.आर.३२ के ९१२७ नम्बरको स्कारपिओ र गाँजासहित नियन्त्रणमा लिएको प्रहरी निरीक्षक प्रदीप सुवेदीले जानकारी दिए।

उनका अनुसार शनिबार साँझ ७ बजेको समयमा सो स्कारपिओ बर्दिबासबाट आउँदै गर्दा शंका लागेर चेकजाँचको लागि ढल्केबरचोकमा रोकाएर प्रहरीले चेकजाँच गर्न खोजिएको थियो। तर नरोकेर भाग्न थालेपछि इलाका प्रहरी कार्यालय ढल्केबरको प्रहरी टोलिले पिछा गर्दा सो स्कारपिओबाट पाँच सयमटर दक्षिण आएर सडक छेउमा गाँजा फालेको थियो।

त्यहाँबाट केहि मात्र दुरीमा रहेको बसही खोलाको पुलमा स्कारपिओसमेत ठोक्किएर दुर्घटना भएको हो।दुर्घटना पश्चात त्यसमा सवार मानिसहरू फरार भएका थिए।

खोजविनको क्रममा उँखुबारीमा लुकेर बसेको अवस्थामा महतोलाई पक्राउ गर्न सफल भएको प्रहरी निरीक्षक सुवेदीले बताए।रातो प्लास्टिकमा १९ किलो ५ सय ग्राम गाँजासमेत बरामद भएको प्रहरीले जनाएको छ।

गाँजा, स्कारपिओसहित पक्राउ परेका महतोमाथि कारबाही प्रक्रिया अढि बढाएको सुवेदीले बताए।

# पुर्वमन्त्री प्रभु साहको पहलमा जंगलसहिया दुधिअवा सडक मा कालोपत्रे हुँदै

**टुडे एक्सप्रेस** / रौतहट



पुर्व मन्त्री तथा नेकपा एमालेका स्थायी समिति सदस्य प्रभु साहको पहलमा रौतहटको जंगलसहिया दुधिअवा सडक खण्डमा कालोपत्रे निर्माण सुरु हुनलागेको छ।

पुर्व मन्त्री साहको पहलमा गुजरा नगरपालिका अन्तर्गत जंगलसहिया देखि दुधिअवा गाउँसम्मको बाटोमा कालोपत्रे हुनलागेको हो।

तत्कालीन सहरी विकास मन्त्री हुंदा प्रभु साहले उक्त सडकखण्डमा कालोपत्रे,

कल्भर्ट तथा दुधिअवा गाउँमा नाला निर्माणको लागि बजेट बिनियोजन गर्नु भएको थियो। सहरी विकास मन्त्रालयको टेण्डर आव्हानमा जंगलसहिया देखि दुधिअवा,गाउँ सम्म ७ मिटर चौडाइ, साढे ४किमि कालोपत्रे,र दुधिअवा गाउँमा २५ सय मिटर नाला निर्माण गर्न आश्रय निर्माण सेवाले घटाघटमा कुल ७ करोड १२ लाखमा ठेक्का लिएको छ।

जंगलसहिया दुधिअवा सडकखण्डमा सब बेस राखेर रोलिङको काम र एक स्थानमा कल्भर्ट निर्माण भैरहेको आश्रय निर्माण सेवाका प्रोजेक्ट मैनेजर अजय गुप्ताले कटहरिया एफएम लाई जानकारी दिनु भयो। रोलिङ सकेलगतै केही दिनभित्रै उक्त सडकमा स्तरीय अक्सफाल्ट प्रबिधिको कालोपत्रे निर्माण सुरु गरिने मैनेजर गुप्ताले बताएका छन। उता नाला लगायतको काम ५० प्रतिशत भन्दा बढी भैसकेको तथा बांकी केही महिना भित्रै पूरा गरिने आश्रय निर्माण सेवाले जनाएको छ। कालोपत्रे निर्माण पछि रौतहटका साथै बाराका कैयौ गाउँका हजारौं मानिसलाई बाल्चनपुर, गौर लगायतका स्थानमा आउन जान सहज हुने फतुवा बिजयपुर १० दुधिअवाका वडा अध्यक्ष मनोज चौधरीले बताएका छन।

# नेताहरूले नागरिक्ताको फोटोकपी लिएर जनतालाई मूर्ख बनाउंदै, कटहरियामा चुनावी चहलपहल

**टुडे एक्सप्रेस** / रौतहट

चुनाव आउन अझै लामोसमय बांकी छंदा पनि रौतहटको कटहरिया नगरपालिकामा अहिले देखिनै नेताहरू जनतालाई ठगी गर्ने दाउमा लागिसकेका छन। कटहरिया नगरपालिकाका कैयौं दलका नेताहरू मतदाता लाई विभिन्न प्रलोभन दिनमा ब्यस्त भएको देखिन्छ।कटहरियामा अगामी निर्वाचनमा विभिन्न पदका उमेदवारका दाबी गर्ने नेताहरू अहिले मतदाताहरूको नागरिक्ता संकलन गरिरहेका छन। उमेदवारहरूले अनेक प्रकारको लोभ तथा आश्वासन दिएर दलित,गरिब,अशिक्षित परिवारको नागरिक्ताको संकलन गरिरहेको समाचार प्राप्त भएको छ। तपाई आफ्नो पुरै परिवारको नागरिक्ताको फोटोकपी दिनुस हाम्रो पार्टीको माध्यमले कुनै प्रकारको बजेट तथा सहयोग आएमा पहिलो प्राथमिकतामा पर्नुहुन्छ भनेर सताधारी दलका कैयौं नेताहरूले मतदातालाई मूर्ख बनाई रहेका छन।कसैले घर बनाईदिने,कसैले आर्थिक सहयोग गर्ने,कसैले छोराछोरीको जागिर लगाईदिने भन्दै कतिपय उमेदवार सोझा जनतालाई ठगी रहेका छन।

गत स्थानीय तहको निर्वाचन अघि पनि कयौं उमेदवार ले चुनाव अघिनै त्यसप्रकारको विभिन्न प्रलोभन दिएर नागरिक्ताको फोटोकपी संकलन गरेका थिए। कटहरिया,फतुवा बिजयपुर,गरुडा,देवाही गोनाही नगरपालिका लगायत जिल्लाको प्रायः सबै स्थानीय तहमा चुनावको समय नेता तथा उमेदवारहरूले खाद्यान्न,कपडा, माछा मासु तथा पैसा बितरण गरेर आआफ्नो पक्षमा मत संकलन गरेका थिए।चुनाव जितेपछि कतिपय जनप्रतिनिधिले ४ बर्षमा ४ लाखको पनि ठोस विकास नगरी कटहरियामा ४ किता सम्म घरेडी जग्गा खरिद गरेका छन।जनताको मिहिनेत पसिना बाट उठेको कर बाट आएको बजेट आफ्नो बपौती संपती ठानेर पुर्णरुपमा बजेट दुरुपयोग गरेका थिए।

चुनावमा कुनै प्रकारको प्रलोभनमा नपरी सक्षम, तथा ईमान्दार ब्यक्तिलाई निर्वाचित गरेमा मात्र आफ्नो गाउँ तथा नगरको विकास हुने भएकाले सबै जनता सचेत हुन जरुरी छ।

# नक्कली नोट सहित दुईजना भारतीय नागरिक पक्राउ

**टुडे एक्सप्रेस** / मलंगवा



सर्लाहीबाट दुई जना भारतीय नागरिक नेपाली नक्कली नोट सहित पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार पक्राउ पर्नेमा भारत बिहार राज्य जिल्ला सितामढी थाना सोनवर्षा ग्राम सोनवर्षा वडा नं. ६ चिलरी टोलका ३७ वर्षीय आशिष भन्ने सुरेन्द्र महतो र वडा नं. १ का ४८ वर्षीय प्रमोद कुमार रहेका छन्।जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक माधव प्रसाद वुढाथोकीका अनुसार शनिवार बेलुका करिब साढे ७ बजेको समयमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले सर्लाहीको मलंगवा नगरपालिका वडा नं. ८ गोरखकाली स्थित भन्सार कार्यालय अगाडी चेकप्वाईन्ट थापी चेकजाँच गर्ने क्रममा दुवैजनालाई पक्राउ गरेको हो।पक्राउ परेका दुवैजनाको मोटरसाईकल तलासी लिदा मोटरसाइकलको डिक्की र सिटको बिचको भागबाट नक्कली जस्तो देखिने एक हजारको ११५ वटा नेपाली नोट, ४७ हजार ५१० भारतीय रुपैयाँ र १७० नेपाली रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# सहमतिपछि सिरहामा अवरुद्ध पूर्व-पश्चिम राजमार्ग खुल्यो

**टुडे एक्सप्रेस** / सिरहा



सिरहामा छुरा हानाहानको क्रममा युवकको मृत्यु पश्चात विरोधमा आइतबार बिहानैदेखि अवरुद्ध पूर्वपश्चिम राजमार्ग चार घण्टपछि खुलेको छ।

दोषीलाई पक्राउ गरी २४ घण्टाभित्र कारबाही चलाउने, मृतकलाई क्षतिपुर्तिको लागि पहल गर्ने, घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्ने प्रहरी र स्थानीयबीच सहमति पश्चात रामाजर्ग खुलेको सिरहाका प्रहरी प्रवक्ता डिएसपी सुभाष बुढाथोकीले टुडेपाटीलाई जानकारी दिए।शनिबार साँझ दुई समूहबीच भएको छुरा हानाहान ९ग्यंगफाइट० मा सिरहाको गोलबजार नगरपालिका ६ डोहटिया टोलका २६ वर्षीय रामकुमार सदाको मृत्यु भएको थियो भने स्थानीय १९ वर्षका निकेश सदा गम्भीर घाइते भएका छन्। उनको उपचार आरके मेडिसिटी अस्पतालमा भइरहेको छ।दुई समूहबीचको ग्यांग फाइटमा यो घटना भएको हो। दोषीको पहिचान भइसकेको छ। तिनीहरूलाई पक्राउ गरिसकेपछि मात्र परिचय खुलाउँछौं, डिएसपी बुढाथोकीले भने।घटनाको विरोधमा डोहटियाका बासिन्दाले बिहानैदेखि पूर्वपश्चिम राजमार्ग बन्द गराउँदै प्रदर्शन गरेका थिए। बिहानैदेखि राजमार्ग अवरुद्ध हुँदा संयौ सवारीसाधन जकथक भएको थियो।



## आजको राशिफल

ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन र माउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्नेछ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइ'नेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्ने छ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खरावी रहला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आज को समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।

# ठगी गर्ने एक महिला सहित दुईजना पक्राउ



**टुडे एक्सप्रेस** / राजविराज

जवरजस्ती करणीको मुद्दा लगाई दिन्छु भनी ठगि गरेको आरोपमा सप्तरीमा एक महिला सहित दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका-९ लालपट्टीका ३२ वर्षीय मो. रहमान मियाँ र २५ वर्षीया रुबिना खातुन रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए।

दुवैजनालाई पिडितको जाहेरीको आधारमा पक्राउ गरिएको प्रवक्ता काफ्लेले जनाएका छन्।रुबिना खातुन र रहमान मिँया मिलेर पिडितसँग एक लाख ठगेका छन्।रुबिना खातुनले आफ्नो मोबाइलबाट खडक नगरपालिका वडा नं. ९ कै समसुल मियाँको श्रीमती गुलेसा खातुनको मोबाइलमा फोन गरी तिम्रो लोग्नेले मलाई जवरजस्ती करणी गरेको मुद्धा मिलाउने हो भने मलाई ४ लाख रुपैयाँ दिनुपर्छ भनि बार्गेनिङ्ग गरेकी थिइन्। रुपैया नदिए जवरजस्ती करणी मुद्धा लगाई श्रीमानलाई जेल पठाईदिन्छु भनेर रुपैयाँ ठगेको प्रहरीले जनाएको छ। रुबिनाले गुलेसासँग २ लाख बार्गेनिङ गरी मंसिर १० गते १ लाख रकम लिई ठगी गरेको प्रवक्ता काफ्लेले जनाएका छन्।प्रहरीमा उजुरीपरेपछि अनुसन्धानको क्रममा दुवैजनालाई पक्राउ गरिएको छ। अनुसन्धानको क्रममा रुबिनाले बिदेशबाट आएका केटाहरूलाइ फोनमा सम्पर्क गरी सम्पर्कमा ल्याई यस्तै किसिमले बार्गेनिङ गरी फसाउने गरेको खुलेको प्रवक्ता काफ्लेले बताए।

# माओवादी केन्द्र प्रदेश २ को अधिवेशन सम्पन्न




**टुडे एक्सप्रेस** / सर्लाही

नेकपा माओवादी केन्द्र प्रदेश २ को पहिलो अधिवेशनको बन्द सत्र सम्पन्न भएको छ। सर्लाहीको लालबन्दीमा शनिवार भएको बन्द सत्रमा २७१ सदस्यीय समिति गठन गर्ने र पुस २० मा घोषणा सभा गर्ने गरी अधिवेशन सम्पन्न भएको हो।विवादका कारण माओवादी केन्द्रले प्रदेश २ मा पदाधिकारी र सदस्य छान्न सकेको छैन्। उद्घाटनसत्रपछि नेतृत्व चयन गर्ने विषयमा कुरा नमिल्दा केही चयन हुन सकेको छैन्।यस अघि शनिवार समेत जिल्लाहरूबाट बन्दसत्रमा अत्याधिक प्रतिनिधि आएको भन्दै अधिवेशनको बन्दसत्र स्थगित भएको थियो।माओवादी केन्द्र प्रदेश २ का सांसद जगत प्रसाद यादवले प्रदेश अध्यक्ष पदका आकांक्षीहरू धेरै भएका कारण बन्दसत्रबाट सर्वसम्मतरुपमा चयन गर्न नसकिएको बताए।

# सप्तरीमा करेन्ट लागेर ठाकुरको मृत्यु

**टुडे एक्सप्रेस** / राजविराज



सप्तरीमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ। सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. २ हर्दिया बस्ने २७ वर्षीय शिव कुमार ठाकुरको करेन्ट लागेर मृत्यु भएको हो।सोही नगरपालिका वडा नं. ४ बिरनगर गाउँ टोल बस्ने ससुरा भोला ठाकुरको घरमा पाहुना गएको बेला विद्युतको तार जोड्ने क्रममा करेन्ट लागेर ठाकुरको मृत्यु भएको प्रहरीले जनाएको छ।करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको लागि रा.उ.स्मारक अस्पताल लहान सिराहातर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो।यता सो सम्बन्धमा प्रहरीले आवश्यक थप अनुसन्धान कार्य थालेको सप्तरी प्रहरीले जनाएको छ।

# मौलिक संस्कृतिको संरक्षण गर्नु साझा दायित्व हो : प्रधानमन्त्री

**टुडे एक्सप्रेस** / काठमाडौँ




प्रधानमन्त्री शेरबहादुर देउवाले साझा मौलिक संस्कृति, परम्पराले अनेकतामा एकताको भावना सिर्जना गर्दै राष्ट्रिय एकतालाई मजबुत तुल्याउने बताउनुभएको छ।

अठारौँ राष्ट्रिय ज्यापू दिवसको अवसरमा ज्यापू संस्कृति विकास कोषले वसन्तपुर डबलीमा आयोजना गरेको समारोहलाई सम्बोधन गर्दै उहाँले परम्परागत नेपाली मौलिक सम्पदा र संस्कृतिलाई संरक्षण गरी जीवन्त राख्नु सरकारको साझा दायित्व भएको बताउनुभयो ।प्रधानमन्त्री देउवाले नेपालको भौगोलिक, जैविक विविधता, प्राकृतिक र सांस्कृतिक सम्पदा तथा सामाजिक बनोट विश्वभरमै नमूनाका रूपमा रहिआएको भन्दै विभिन्न जातजाति, भाषाभाषी, सांस्कृतिक समूहको सहअस्तित्व, साझा परम्परागत मौलिक संस्कृति र सभ्य नेपाली पहिचानको गौरवमय संस्कृतिलाई जीवन्त राख्नु साझा दायित्व भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "नेपाल विभिन्न जातजाति, भाषाभाषि, धार्मिक एवं सांस्कृतिक समुदाय मिलेर बनेको राष्ट्र हो। विभिन्न धर्म, समुदायका नागरिकबीच धार्मिक सहिष्णुता अभिवृद्धि गर्न ज्यापू दिवसजस्ता पर्वहरूले महत्वपूर्ण भूमिका खेलेका छन्।"प्रधानमन्त्री देउवाले ज्यापू समुदायको संस्कृति र सभ्यताको संरक्षणका लागि आगामी दिनमा उपलब्ध गराउनुपर्ने आवश्यक सहयोगका लागि सरकार तयार रहेको विश्वास दिलाउनुभयो। उहाँले काठमाडौँ उपत्यकामा संस्कृति र सम्पदाको संरक्षण गर्न ज्यापू समुदाय लागिपरेको भन्दै यसले अनेकतामा एकताको भावना सिर्जना गर्दै राष्ट्रिय एकता र अखण्डतालाई सुरक्षित बनाएको बताउनुभयो ।प्रधानमन्त्री देउवाले नेपालको विभिन्न समुदायमध्ये ज्यापू समाज आफ्नै मौलिक संस्कृति, सम्पदा र पहिचान बनेको समाज भएको र समाजले नेवार समुदायभित्र आफ्नो मौलिक कला, संस्कृति र सीपका कारण विशिष्ट स्थान बनाएको धारणा व्यक्त गर्नुभयो ।सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले नेपालको पहिलचानलाई विश्वभर प्रवर्द्धन गर्न ज्यापू समुदायको मौलिक संस्कृतिको महत्वपूर्ण योगदान रहेको बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका पूर्वमहामन्त्री प्रकाशमान सिंहले राजधानी काठमाडौँको कला, संस्कृति र सम्पदा सिङ्गो नेपाललाई विश्वबजारमा पहिचान गराउने महत्वपूर्ण माध्यम रहेको भन्दै नेवारी संस्कृतिकै माध्यमबाट विदेशी पर्यटकलाई आकर्षण गरिरहेको उल्लेख गर्नुभयो। उहाँले परम्परागत सम्पदा र संस्कृति तथा जात्रालाई जीवन्त तुल्याउन सरकारले विषेश ध्यान दिनुपर्ने खाँचो औंल्याउनुभयो। कोषका अध्यक्ष मङ्गलकृष्ण सिंहले नेपालको गौरव मौलिक संस्कृति र परम्परा विविधतायुक्त एकतालाई सबल बनाउन र राष्ट्रलाई एकतृत गर्न हरेक वर्ष ज्यापू दिवस मनाइँदै आएको बताउनुभयो ।काठमाडौँ महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले विविधतायुक्त समाजलाई एकताबद्ध बनाउन नेवारी संस्कृतिको महतवपूर्ण भूमिका रहेको बताउनुभयो। सो अवसरमा मौलिक संस्कृतिको संरक्षण सम्बर्द्धनमा योगदान गर्ने भुलधामी देवकृष्ण महर्जन, प्रमुख विद्यासुन्दर शाक्य, उपप्रमुख हरिप्रभा खड्गी, डा रमेशमान सिंह, सुरेन्द्रमान प्रजापति, दिलीपकुमार प्रधान, मदनसेन बज्राचार्य, राजनलाल जोशी, नवीनकुमार जोशी, कुमार रञ्जीत, अनिल महर्जन, रमेश महर्जन, तेजनारायण महर्जन, अनिता महर्जन, नेन्सि महर्जन, नितु डङ्गोल र कृषा महर्जनलाई नगद रु १० हजारसहित कदरपत्रद्वारा सम्मान गरिएको थियो ।रासस

# निःशुल्क सेनेटरी प्याड वितरण




**टुडे एक्सप्रेस** / दमौली

तनहुँको भानु नगरपालिकाले नगर क्षेत्रभित्रका २८ विद्यालयमा सेनेटरी प्याड वितरण गरेको छ। छात्रालाई महिनावारी भएका बेलामा पनि विद्यालयमा नियमित गराउने उद्देश्यले विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराएको हो।

कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्रालाई लक्षित गरी नगरपालिकाले निःशुल्करुपमा सेनेटरी प्याड उपलब्ध गराएको नगरपालिकाका शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख ध्रुवराज पौडेलले जानकारी दिनुभयो। सरकारले विगत दुई वर्षदेखि सामुदायिक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउँदै आएको छ। नगरपालिकाले पनि सशर्त कार्यक्रमका रुपमा प्राप्त बजेटबाट नियमानुसार खरिद गरी सरकारले तोकेको मापदण्डअनुसारको प्याड वितरण गरेको उहाँले बताउनुभयो। गत आर्थिक वर्षमा खरिद गरिएका केही प्याड कोरोना, लकडाउन तथा पहाडी क्षेत्रमा वर्षायाममा सवारीसाधन जान कठिनाइ हुनेलगायतका विभिन्न कारणले छ विद्यालयमा वितरण गर्न बाँकी रहेकामा त्यस विद्यालयमा पनि प्याड पुर्‍याइएको छ। योसँगै भानुका २८ मावि र आधारभूत विद्यालयमा गरी २५ हजार १३३ प्याकेट (दुई लाख एक हजार ६४ पिस) प्याड उपलब्ध गराइएको शाखा प्रमुख पौडेलले बताउनुभयो। प्याडको प्राप्ति, संरक्षण, वितरण, व्यवस्थापन र अभिलेखनका लागि प्रत्येक विद्यालयमा एक महिला शिक्षकलाई संयोजक तोकिएको छ। संयोजकले छात्रालाई आवश्यकताअनुसार वितरण गर्ने, यसको सही ढङ्गले प्रयोग गर्नेबारे प्रशिक्षण र सहजीकरण गर्ने, शौचालयमा प्याड डिस्पोजल विन राख्न लगाई सहीरुपमा बिसर्जन गर्न लगाउने काम गर्नेछन्। नगरपालिकाले चालू आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिएको छ।

महिनावारी भएका बेला छात्रा नियमित विद्यालय नआउने समस्या रहेको छ। "विद्यालयमै प्याड उपलब्ध हुने भएपछि विद्यार्थी नियमित विद्यालय आउँछन्, यसले उनीहरूको पढाइमा समेत असर पर्दैन", शाखा प्रमुख पौडेलले भन्नुभयो ।रासस

# प्रदेशमै रासायनिक मल उत्पादन गर्छौं : मन्त्री हुमागाईं



**टुडे एक्सप्रेस** / काभ्रेपलाञ्चोक

वाग्मती प्रदेशका नवनियुक्त कृषि तथा पशुपक्षी विकासमन्त्री वसुन्धरा हुमागाईंले प्रदेशमै रासायनिक मल उत्पादन गरिने बताउनुभएको छ।उहाँले काभ्रेपलाञ्चोकको चौँरीदेउराली गाउँपालिका-४ मा नेकपा (एकीकृत समाजवादी)को वडा भेलालाई शनिबार सम्बोधन गर्दै उहाँले मल उत्पादनका लागि दुई हप्ताभित्रै अध्ययन कमिटी बनाएर प्रशासनिक प्रक्रिया अघि बढाइने जानकारी दिनुभएको हो। "प्रदेशमै मल उत्पादन गर्न अबको १५ दिनभित्रै अध्ययन कमिटी बनाएर प्रक्रिया अघि बढाउछौँ, अर्को आर्थिक वर्षमा बजेट छुट्याएर मल उत्पादन थाल्नेछौँ, यो अभियान देशैभरि लगिनेछ", उहाँले भन्नुभयो। उहाँले आउँदो आर्थिक वर्षको बजेटले मल उत्पादन थालिने भए पनि यही वर्षमै अध्ययन गरी सम्पूर्ण प्रशासनिक तयारी सक्ने बताउनुभयो। मन्त्री हुमागाईंले मन्त्रालयले दुई हप्तामै स्वेतपत्र जारी गर्दै प्रदेशमा कृषि तथा पशुपक्षी विकासका क्षेत्रमा अघि बढ्ने बताउनुभयो। उहाँले भन्नुभयो, "कृषिलाई आधुनिकीकरण गर्नुछ, जनताको कृषिका माध्यमबाट कृषकको आर्थिकस्तर वृद्धि गर्नुपर्छ।" उहाँले आफू पनि कृषिबाटै जनताको आर्थिकस्तर वृद्धि हुनुपर्ने विचारक भएको दाबी गर्नुभयो। कार्यक्रममा पार्टीका केन्द्रीय मुकुन्द गौतम, जिल्ला सचिव दीपक गौतम, अखिल नेपाल महिला सङ्घ (एकीकृत समाजवादी (जिल्लाध्यक्ष पासाङ डोल्मा तामाङलगायतले शुभकामना व्यक्त गर्नुभएको थियो। सो अवसरमा मीनप्रसाद गौतमको अध्यक्षतामा ३५ सदस्यीय वडा कमिटी गठन गरिएको छ ।रासस

# तीन वर्षमा एक हजारभन्दा बढीको सवारी साधन दुर्घटनाबाट मृत्यु

**टुडे एक्सप्रेस** / विराटनगर



दिनप्रति दिन बढ्दै गएको सवारी साधन दुर्घटनाबाट बच्न र बचाउन सवारी नियम पालनाको विकल्प नरहेको बताइएको छ। सडक अनुशासन तथा सवारी साधन दुर्घटना न्यूनीकरणका लागि आइतवारदेखि प्रदेश नं १ को १४ वटै जिल्लामा सुरु भएको ट्राफिक सप्ताह-२०७८ को सन्दर्भमा सो धारणा आएको हो ।सो अवसरमा प्रदेश नं १का प्रहरी प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अरुणकुमार विसीले प्रदेशमा दैनिक सरदर एक दशमलव शून्य चार जनाको मृत्यु भइरहेको जानकारी दिनुभयो। यस प्रदेशमा आव २०७५/७६ मा ३१३, २०७६/७७ मा ३३२, २०७७/७८ मा ४४४ जनाको दुर्घटनाबाट मृत्यु भएको छ भन्दै उहाँले यो भयावह स्थितिलाई न्यूनीकरण गर्न सबैको दायित्व भएकाले ट्राफिक सप्ताहअन्तर्गत एक सातासम्म विविध कार्यक्रम सञ्चालन गरी सवारी नियम पालना गराउनेतर्फ ट्राफिक प्रहरी सचेत रहेको छ भन्नुभयो।

आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले व्यवस्थित र सुरक्षित जीवनयापन गर्न अनुशासित भई सवारी नियम पालना गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले दुर्घटनाको जोखिम र मृत्युलाई छल्न नसकिने भएकाले सवारी चालक, बटुवा सबैले ट्राफिक नियम पालना गर्नुपर्ने सुझाव दिनुभयो। मन्त्री कार्कीले कोशी ब्यारेजदेखि मेचीसम्म र रानीदेखि धरानसम्म राजमार्गमा सिसी क्यामेरा जडान गर्ने योजना र विराटनगरको ट्राफिक व्यवस्थापनका लागि पुरानो गुद्रीमा स्मार्ट पार्किङ बनाउन केही समयपछि नै विराटनगरमा प्रदेशस्तरीय बसपार्क शिलान्यास गरिने जानकारी दिनुभयो ।सामाजिक विकास मन्त्री जयराम यादवले मादकपदार्थ सेवनबाटै सबैभन्दा बढी सवारी दुर्घटना भइरहेकाले मानिसले नैतिक आचरण र व्यवहार सुधार गर्नुपर्नेमा जोड दिनुभयो। यातायात आन्तरिक मामिला तथा कानून सचिव कालीप्रसाद पराजुली, सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेल र व्यवसायी महासङ्घ प्रदेश नं १ का अध्यक्ष सरोज श्रेष्ठले पनि सवारी साधनको दुर्घटनाबाट पर्ने असरबारे चर्चा गर्नुभयो ।रासस

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (0४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ"खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (0१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ"खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (0४४-)

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी


| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |

## सम्पादकीय...

# पाठ सिक्नु आवश्यक

नेपाली कांग्रेसको १४ औ माहाधिवेसनले नेपाली कांग्रेस र मधेश प्रेमको नौटंकी छताछुल्ल भएको छ। सभापतिमा विमलेन्द्र निधीले ल्याएको मतपरिणाम र केन्द्रिय सदस्य सम्मको मतपरिणाममा मधेशीको उपस्थितीले नेपाली कांग्रेस अहिले पनि मधेशलाई भोटका लागि प्रयोग गरिने थलोको रुपमानै राख्दै आएको देखिएको छ। इतिहासमै पहिलो चोटी कुनै मधेशीले नेतृत्वका लागि नेपाली कांग्रेसको सभापतिमा उम्मेदवारी दिएपनि चारवटा उम्मेदवार मध्ये सबैभन्दा कम मतल्याउने विमलेन्द्र निधी नै रहे। मधेश र मधेशीलाई भाषणमा ठुला ठुला कुरा गर्ने नेपाली कांग्रेसका नेतृत्व तहले वास्तवमा नेपाली कांग्रेसले अहिले पनि मधेश र मधेशीलाई चिन्न नसकेको रुपमा परिभाषीत समेत गरेको छ। अहिले पनि मासु र च्युराका लागि मरिहत्थे गर्ने मधेशी हुन भनेर कांग्रेसको सोच परिवर्तन नभएको देखिएको छ। नेपाली कांग्रेसको यस्तै सोचका कारण मधेशबाट लखेटिदै गरेको अवस्था छ। मधेशसंग भोट त चाहियो तर मधेशीलाई नेतृत्व दिन नसक्ने पार्टीले मधेशसंग कहिले पनि न्याय गर्ला अनुमान लगाउन पनि सकिदैन। मधेशले अब विकास चाहेको छ अधिकार चाहेको छ तर त्यसका लागि इमान्दार हुनु आवश्यक छ। विमलेन्द्र निधी जितोस या नजितोस तर सम्मान जनक मत ल्याएका भए विश्वास गर्न सकिन्थ्यो तर मधेशी कोटा बाहेक खुल्लामा मधेशीले हान वेहोरनु भनेको नेपाली कांग्रेसका मधेशी नेताले अहिले सम्म आफनो पार्टीका लागि केहि गरेकै छैन।आखिरमा यस्तो विभेदी निती कहिले सम्म राख्ने ? जे भयो तर यसबाट नेपाली कांग्रेसका मधेशी नेताहरूले पनि पाठ सिक्नुपर्ने आवश्यकता रहेको छ। हजुर हजुर भनेर आफु र आफनो क्षेत्रको सम्मान घटाउनु भन्दा आफनो अस्तित्व खोज्नु आवश्यक छ नत्र पछि गएर न्याय पाएन भनेर चिच्याउदा कसैले विश्वास गर्दैन तसर्थ समयमै पाठ सिक्नु आवश्यक रहेको हाम्रो ठम्याई छ।

# काँग्रेस महाधिवेशनको सन्देश



हरि अधिकारी



देशकै सबैभन्दा पुरानो र प्रतिष्ठित राजनीतिक दल नेपाली काँग्रेसको १४औँ महाधिवेशनका क्रममा भएको निर्वाचनले आगामी दिनमा सङ्गठनको निर्णय प्रक्रियामा युवापुस्ताको प्रवल भूमिका हुने सङ्केत गरेको छ। पार्टीका अधिकांश महत्तवपूर्ण केन्द्रीय पदमा नेपाल विद्यार्थी सङ्घ हुँदै पार्टीको राजनीतिमा स्थान बनाउन सफल प्रतिभाशाली नेता चुनिएका छन्। सभापतिबाहेक नवनिर्वाचित १२ पदाधिकारीमा धेरैजसो ५५ वर्षमुनिका, तुलनात्मक रूपले युवा भन्न मिल्ने व्यक्तित्व त छन् नै, ती समावेशी र पार्टीभित्रका पृथकपृथक गुटको प्रतिनिधित्व गर्ने खालका पनि छन्। यो निर्वाचनले काँग्रेसमा यसअघि कहिल्यै नदेखिएको सभापति र उनको वैचारिक प्रतिद्वन्द्वी रहेका प्रतिपक्षी नेताबीचको शक्ति-सन्तुलनको स्थितिलाई पनि बलियोसँग अस्तित्वमा ल्याइदिएको छ।

काँग्रेसका महाधिवेशन प्रतिनिधिले केन्द्रीय पदाधिकारी चयन गर्दा सधैँझैँ पदासीन सभापतिले नेतृत्व गर्ने गुटका उम्मेदवारलाई आँखा चिम्लेर चुन्ने सत्ताकेन्द्रित परम्परा यो पटक पनि भङ्ग गरिदिएका छन्। निर्वाचनबाट चुनिएर आएका पदाधिकारीको अनुहार हेर्दा काँग्रेसका मतदाताले प्रत्यासीहरू कुन प्यानलबाट उठेका हुन् भन्ने कुरालाई होइन कि ती प्रत्यासीको व्यक्तित्व, तिनका अतीत, तिनले पार्टीलाई दिएको योगदान, तिनको वैयक्तिक क्षमता र आगामी दिनमा पार्टीलाई अगाडि बढाएर लैजान तिनले प्रस्तुत गरेको मार्गचित्रलाई हेरेर भोट दिएको प्रस्ट हुन्छ। उपसभापतिमा पूर्णबहादुर खड्का र धनराज गुरुङ अनि महामन्त्रीमा गगनकुमार थापा र विश्वप्रकाश शर्मालाई चुनेर महाधिवेशन प्रतिनिधिले अनुभव र योग्यताका साथै नयाँ सोच र शैलीको कदर गरेका छन्। चुनिएका आठ जना सहमहामन्त्रीको अनुहार हेर्दा पनि काँग्रेस मतदाताको चयनको प्रशंसा गर्न मन लाग्छ। सहमहामन्त्रीको पदमा

विजयी नेताहरूले निर्वाचित सभापति मात्र होइन, पार्टीभित्रका अन्य शक्तिकेन्द्रित नेताहरूलाई पनि सन्तोषको सास फेर्न पाउने स्थिति बनाइदिएका छन्, जुन निकै उत्साहप्रद देखिन्छ। सहमहामन्त्री बन्न पुगेका ती नेताहरू सबै नै विद्यार्थी अवस्थादेखि नै पार्टीको सङ्गठनमा प्राणप्रणले समर्पित कार्यकर्ता त हुन् नै, साथै तिनले सङ्घ्यामा फरक फरक भए पनि पार्टीको पछिल्लो समयको आन्तरिक शक्ति द्वन्द्वका क्रममा उभारमा आएका नेता सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, देउवासँग स्पर्धा गरेर पराजित हुन पुगेका डा. शेखर कोइराला र यस पटकको निर्वाचनमा देउवालाई समर्थन गर्नुभएका कृष्णप्रसाद सिटौलाको समूहको प्रतिनिधित्व पनि गर्दछन्। समग्रमा काँग्रेसका नवनिर्वाचित पदाधिकारीले पार्टीभित्र वैचारिक सन्तुलनको अवस्थालाई जन्म दिएका छन् भन्न सकिन्छ। पार्टीका संस्थापक नेता तथा लामो समयसम्म एकछत्र नेतृत्व गरेका बीपी कोइरालाका समयदेखि नै काँग्रेसको निर्णय प्रक्रियामा सभापति नै सर्वेसर्वा हुने परम्परा बसेको थियो। पार्टी गठन भएको तुरुन्तैपछिको सङ्क्रमण र क्रान्तिकाल तथा २०१७ साल पुस १ गते राजा महेन्द्रले गरेको सत्ता अपहरणपछि पार्टी प्रतिबन्धित भएको अवस्थामा सभापतिको निरङ्कुश प्राधिकारमा आधारित पार्टी सञ्चालनको त्यो विधि र शैलीलाई धेरै अनुपयुक्त भन्न सायद मिल्दैनथ्यो तर काँग्रेसको नेतृत्वमा भएको जनआन्दोलन २०४६ को सफलतापछि स्थितिमा धेरै गुणात्मक परिवर्तन आयो र सभापतिको एकल निर्णयमा पार्टी चल्ने त्यो शैली विस्तारै प्रत्युत्पादक हुँदै गएको देखिन थाल्यो। जनआन्दोलनको लगत्तैपछि भएको आमनिर्वाचनबाट पार्टीको हातमा देशको शासनसत्ता आउने निश्चित भएको अवस्थामा सभापतिको निरङ्कुश प्राधिकारले निम्त्याउन सक्ने विकृति र विसङ्गति प्रस्ट रूपमा देखापर्न थाले।

पार्टीमाथिको बलियो नियन्त्रण नै प्रधानमन्त्री बन्ने बाटोको प्रवेशद्वार हुने भएकाले कुनै पनि महत्तवाकाङ्क्षी काँग्रेस नेताको पहिलो लक्ष्य पार्टीमाथि कब्जा गर्नु हुन थाल्यो। पार्टीमाथि कब्जा जमाइसकेपछि त्यो नेताले पार्टीको संसदीय दलको नेतृत्व होडमा आफूलाई चुनौती दिनसक्ने नेतालाई जसरी पनि संसद्को चुनावमै हराउने प्रपञ्च रच्नु पनि नौलो हुन थालेन। २०४८ सालमा भएको जनआन्दोलनपछिको पहिलो निर्वाचन र २०५० सालमा काठमाडौँ क्षेत्र १ मा भएको संसदीय उपनिर्वाचनमा काँग्रेसका संस्थापक तथा तत्कालीन पार्टी सभापति कृष्णप्रसाद भट्टराईमाथि भएको अन्तर्घातको घटनाले काँग्रेसभित्र भ्याङ्गिँदै गएको विकृति र विसङ्गतिको पोल राम्रैसँग खोलिदिइसकेका थिए।

एक महत्त्वाकाङ्क्षी काँग्रेस नेताले पहिले सभापतिको पद जितेको र जितिसकेपछि पार्टीमाथि कब्जा जमाइराख्नका लागि आफ्ना वफादारहरूको एउटा गुट खडा गर्ने क्रम सुरु गरेको घटना पनि समसामयिक नेपाली राजनीतिको दृश्यपटमा अभिलिखित छ। त्यसरी खडा भएको गुटलाई परिचालन गरेर देशैभरि आफ्ना अन्धभक्त महाधिवेशन प्रतिनिधिको जमात बनाउने तथा नीति र विधिप्रति भन्दा आफ्ना प्रिय नेताप्रति वफादार तिनै महाधिवेशन प्रतिनिधिको बलमा लगातार नेतृत्व हत्याइरहने अलोकतान्त्रिक परिपाटी काँग्रेसको मूल साङ्गठनिक पद्धति बन्दै गएको कुराको साक्षी बस्न आन्दोलनको रापतापबाट खारिएर आएका इमानदार काँग्रेसजन बाध्य हुन पुगेको पनि देखिएको हो। अर्को विडम्बनाको कुरा त के पनि रह्यो भने कुनै बेला त्यस्तो परिपाटी बसाल्न खोज्ने त्यस्ता नेताको विरोधमा उत्रिएका अरू नेताहरूले पनि आफ्नो हातमा नेतृत्व आइसकेपछि त्यही परिपाटीलाई निरन्तरता दिएको जस्तो अप्रिय घटनाको पनि ती इमानदार कार्यकर्ताले साक्षी बस्नुप-यो। नेताले सत्ताकेन्द्रित गुटबाजीलाई बढावा दिएपछि उनका समकक्षी वा उनलाई चुनौती दिनसक्ने अरू दोस्रो-तेस्रो क्रमाङ्कका नेताहरूले पनि आ-आफ्ना गुट बनाउनैपर्ने स्थिति पैदा भयो, लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्ने पुनीत उद्देश्यले अस्तित्वमा आएको त्यस ऐतिहासिक पार्टी काँग्रेसभित्र। पार्टी सङ्गठनका आवधिक चुनावका अवसरमा पार्टीभित्र फैलिएको गुटबाजी नराम्रोसँग उदाङ्ग हुँदै आएको छ। पार्टीको यस पटकको आवधिक चुनावका क्रममा कतिपय जिल्लामा महाधिवेशन प्रतिनिधि हुन लाखौँ खर्च भएको अपुष्ट समाचार सार्वजनिक भएका छन्। काँग्रेसजस्तो पुरानो र प्रतिष्ठित पार्टीको साङ्गठनिक चुनावमा पैसाको यत्रो चलखेल भएको हल्ला फैलनु आफैँमा चिन्ताजनक स्थिति हो।

यी सबै नकारात्मक स्थितिका बीच अहिले राज्यसत्ता सञ्चालन गरिरहेको गठबन्धनको नेतृत्वदायी दल काँग्रेसले १४औँ अधिवेशन सम्पन्न गरेर शेरबहादुर देउवाजस्ता अनुभवले खारिएका नेताको नेतृत्वमा विश्वास र भरोसा गर्न सकिने केही युवा नेतासहितको समूहलाई आफ्नो र देशको भविष्य सुम्पेको छ। यस निर्वाचनबाट काँग्रेसको शीर्ष नेतृत्वमा सभापति देउवासहित पदाधिकारीहरूको जुन समूह पुगेको छ, त्यसलाई हेर्दा यो समूहलाई काँग्रेसको इतिहासकै सबैभन्दा सन्तुलित कार्यकारी समूह भन्न सकिन्छ। यस समूहमा सुदीर्घ योगदान र मेधावी योग्यता, नूतन परिकल्पना र अनुभवसिद्ध परिपक्वताको सम्मिश्रण छ। सभापतिको भन्दा पृथक प्यानलबाट पदाधिकारी जित्न सफल नेताले सभापतिलाई हर सकारात्मक काममा नि:सर्त सहयोग गर्ने तर कथंकदाचित उहाँबाट विधि र औचित्यको कसीमा योग्य सावित नहुने कुनै काम हुन थाल्यो भने त्यसको विरोध गर्ने जस्तो सकारात्मक सन्देश दिएका छन्। सभापतिको पदमा स्पर्धा गरेर पराजित भएका नेता डा. शेखर कोइरालाले पनि ठ्याक्कै यही आशयको सन्देश सम्प्रेषण गर्नुभएको छ। अब काँग्रेसलाई फेरि एकपल्ट कसरी यो देशको राजनीतिको मियो बनाउने र अर्को वर्ष हुने तीनै तहको चुनावमा कसरी पूर्ण बहुमत दिलाउने भन्ने अभियान अगाडि बढाउने जिम्मेवारी अब पार्टी सभापति शेरबहादुर देउवाको काँधमा आइपुगेको छ। उहाँले चुनावबाट आएको सक्षम युवाको यो समूहलाई सार्थक किसिमले प्रयोग गर्न सक्नुपर्छ।

# मर्केल क्रेज



उषा थपलिया

*"म किताब पल्टाउने छु तर म सायद निदाइहाल्छु होला, किनकि म धेरै थाकेकी छु," केही महिनाअघि अवकाशपछिको जीवनमाथि सोधिएको प्रश्नको जवाफमा जर्मनीकी तत्कालीन चान्सलर अङ्गेला मर्केलले दिएको जवाफ हो यो, जुन अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा निकै चर्चित बनेको थियो। आफ्नो देशको पहिलो र एक मात्र महिला चान्सलरको इतिहास रचेर मर्केल यही डिसेम्बर ८ देखि सेवाबाट बाहिरिनु भएको छ। २२ नोभेम्बर २००५ मा देशको कार्यकारी प्रमुख बनेकी मर्केलले जर्मनजस्तो समृद्ध मुलुकलाई निरन्तर १६ वर्ष नेतृत्व दिने अवसर पाउनुभयो। पहिलो साथै दोस्रो, तेस्रो र चौथो (२००९, २०१३ र २०१८) गरी चार पटक चान्सलर पदमा निर्वाचित हुने अवस्थामा आफूलाई उभ्याउनु उहाँको कुशल राजनीतिक व्यक्तित्वकै करामत मान्नुपर्छ। गत सेप्टेम्बरमा जर्मनीको तल्लो सदन बुन्डेस्टागका लागि भएको निर्वाचनबाट उहाँकै सरकारका वित्तमन्त्री तथा भाइस चान्सलर ओलाज सोल्ज गत ८ डिसेम्बरमा चान्सलर बनेपछि उहाँ सत्ताबाट बाहिरिनु भएको हो। १७ जुलाई १९५४ मा पश्चिम जर्मनीमा जन्मिएकी मर्केल, अभिभावकका साथ कम्युनिस्ट शासन व्यवस्था भएको पूर्वी जर्मन आउनु भएको थियो। भौतिकशास्त्रमा अध्ययन अघि बढाएर १९७८ मा सोही विषयमा पीएचडी गरेकी मर्केल पूर्व अनुसन्धान वैज्ञानिकका रूपमा पनि चिनिनुहुन्छ। सन् १९८९ मा बर्लिनको पर्खाल ढलेर १९९० मा दुई जर्मन एउटै हुँदा उहाँ ऊर्जाशील युवावस्थामा हुनुहुन्थ्यो। सोही बेलादेखि क्रिश्चियन डेमोक्रेटिक युनियन (सीडीयू) पार्टीमार्फत मर्केल राजनीतिमा होमिनुभयो। १९९४ को निर्वाचनमा विजयी भएपछि महिला तथा युवामन्त्री र त्यसपछि वातावरण तथा न्युक्लिएर सुरक्षामन्त्री बन्ने अवसर उहाँलाई प्राप्त भयो। १९९८ मा पार्टी महासचिव र २००० मा उहाँ पार्टी अध्यक्ष बन्न सफल हुनुभयो। उहाँले राजनीतिमा प्रवेश गरेको अहिलेसम्म जम्मा ३२ वर्ष मात्र पुगेको छ। यस अवधिमा १६ वर्ष त देशको कार्यकारी प्रमुखकै भूमिका निर्वाह गर्नुभयो। १८ वर्ष पार्टीको नेतृत्व गर्ने अवसर उहाँलाई प्राप्त भयो। छोटो अवधिमै उहाँले हासिल गरेको उच्च राजनीतिक उपलब्धिका यी केही प्रतिनिधिमूलक दृष्टान्त हुन्। लोकप्रियताको कसीमा उहाँको समग्र कार्यकाल नै उपलब्धिपूर्ण रहेको मानिन्छ। यद्यपि मन्त्री बनेको सुरुवाती कालमा उहाँको व्यक्तित्वलाई कम आँकेर हल्का टिप्पणी नभएका हैनन्। चान्सलर बनिसकेपछिका केही वर्षसम्म पनि उहाँको क्षमतामा विश्वास नगर्ने जमात ठूलै थियो। हालै उहाँ पदबाट बाहिरिँदासमेत जर्मनीमा 'मर्केल नेतृत्वको रूढीवादी शासनको अन्त्य र एक नयाँ राजनीतिक युगको सुरुवात' भनेर टिप्पणी गर्नेहरू पनि देखिए। प्रजातान्त्रिक परिपाटीमा यस्ता टिप्पणीलाई उहाँ प्रतिवादयोग्य विषय पनि ठान्नुहुन्न। १६ वर्षसम्म सत्ताको बागडोर सम्हाल्दा जे-जे कदम चाल्नुभयो, ती सबै देश र जनताकै हितका लागि थिए। उहाँका प्रयत्नहरूले जर्मन नागरिकका साथ र समर्थन पाई नै रह्यो, जसका कारण उहाँलाई निरन्तर चार कार्यकाल चान्सलर पदमा तिनै नागरिकले पु-याए।*

*विशेषगरी परमाणु ऊर्जाको न्युनीकरण, सन् २००८ को वित्तीय सङ्कट समाधान, सन् २०१५ मा सिरियाली शरणार्थीको हकमा लिइएको दरिलो अडान, सबै शक्ति राष्ट्रहरूसँग संयम र सन्तुलित सम्बन्ध कायम राख्नु तथा कोभिडपछिको राहत र आर्थिक उद्धारमा उहाँको निर्णय र कार्यान्वयन क्षमतालाई विशेष उपलब्धि मानिन्छ। यसबाहेक युरोपका २७ मुलुक संलग्न युरोपेली युनियनमा समेत उहाँले अर्थपूर्ण भूमिका निर्वाह गर्नुभयो। युनियनभित्र रहेका मुलुकमध्ये जनसङ्ख्याले मात्र हैन, अर्थतन्त्रको हिसाबले पनि जर्मनीलाई ठूलो मानिन्छ। गत अक्टोबर २२ मा ब्रसेल्समा भएको युनियनको सेमिनारमा नेताहरूले जसरी उहाँको प्रशंसा गरे, त्यसैबाट उहाँले युनियनमा निर्वाह गरेको भूमिका प्रस्ट हुन्छ। जर्मन चान्सलरको हैसियतले त्यो मर्केलको अन्तिम सेमिनार थियो, जहाँ युनियन प्रमुख र अन्य देशका प्रमुखहरूले उहाँमाथि प्रशंसाको चाङ लगाउँदै युरोपियन युनियनको उच्च धरोहर मात्र भनेनन्, उहाँबिनाको सेमिनार 'भेटिकनबिनाको रोम वा आइफल टावरबिनाको फ्रान्स'झैँ हुनेसमेत बताए। अन्तर्राष्ट्रिय व्यापार तथा युरोपियन कर्पोरेसनको श्रीवृद्धिका लागि उहाँको वैदेशिक सम्बन्ध निर्धारित हुने भनिए पनि विशेषत: आफ्नो राष्ट्रको हितलाई केन्द्रमा राखेर मर्केलले वैदेशिक सम्बन्ध तय गर्ने गरेको जानकार बताउँछन्। तैपनि सबैसँग मैत्रीपूर्ण र सन्तुलित सम्बन्ध राख्न उहाँ सफल देखिनुभयो। पूर्व अमेरिकी राष्ट्रपति बाराक ओबामाले आफ्नो पदावधिभर नै उहाँलाई 'क्लोजेस्ट इन्टरनेसनल पार्टनर' भन्नुका साथै युरोपियन युनियनको अन्तिम सेमिनारमा मर्केलको प्रशंसा र बिदाइका लागि भिडियो सन्देश नै पठाएका थिए। उता अमेरिकाको 'प्रतिद्वन्द्वी'झैँ मानिएको चीनसँगको सम्बन्धलाई पनि उहाँले सन्तुलित बनाउनु भएको थियो। अरू युरोपेली मुलुकको दाँजोमा चीनबाट निर्यात/आयातलगायत आर्थिक तथा व्यापारिक गतिविधि जर्मनीले धेरै गरेबाट यो पुष्टि हुन आउँछ।*

*आफ्नो पदावधिमा दर्जनौँ पटक भ्रमण गरेर चीनसँगको सम्बन्धलाई उहाँले नयाँ आयाम दिनुभएको थियो। अमेरिकासँगको सम्बन्ध नखल्बल्याई चीनसँग पनि व्यापारिक सम्बन्ध कायम राख्न सक्नु उहाँको विशेष क्षमता हो। "अन्य मुलुकजस्तै चीनसँग पनि विकासको अधिकार छ, चीनको विकास प्रगतिमा बाधा सिर्जना हुँदैन" भन्ने स्पष्ट दृष्टिकोण हुँदाहुँदै चीनमा उईगुर मुसलमान तथा अल्पसङ्ख्यकमाथि भएको अमानवीय व्यवहारको भने आलोचना गर्न उहाँ चुक्नुभएन। यसबाट वैदेशिक सम्बन्धप्रति उहाँमा भएको निर्भिकता प्रस्ट हुन्छ।*

*विश्व राजनीतिमा उहाँको क्रेज यथावत् रहँदारहँदै पनि उहाँले गत वर्ष नै यो वर्षको निर्वाचनमा नउठ्ने घोषणा गर्नुभएको थियो, सोहीअनुसार यस वर्ष चुनाव नलडी ६७ वर्षको उमेरमै स्वतस्फुर्त राजनीतिक जीवनबाट अवकाश लिएर विश्वलाई नै सकारात्मक सन्देश दिनुभएको छ। पदमुक्त हुँदै गर्दासमेत उहाँले नयाँ चान्सलर सोल्जलाई सदैव साथ र सहयोग गर्ने वचन दिएर निष्ठाको राजनीति र उदार भावनालाई एकैसाथ अभिव्यक्त गर्नुभएको छ।*

*झन्डै दुईतिहाइ बहुमतसहित पाँच वर्ष शासन सञ्चालन गर्ने म्यान्डेट पाएको नेपालको राजनीतिक पार्टी अवधि पूरा नहुँदै प्रतिपक्षमा खुम्चिन आइपुगेको छ। मर्केलले गठबन्धन सरकारमार्फत आठ करोड ३७ लाख जनसङ्ख्या भएको युरोपको एक शक्तिशाली राष्ट्र जर्मनीमा कसरी प्रभावकारी ढङ्गले यति लामो अवधि सत्ता चलाउनुभयो ? यसबाट उचित शिक्षा नेपालका राजनीतिक दलले पनि लिनु जरुरी छ। मर्केलको बहिर्गमनपछि चान्सलर बनेका सोल्ज पनि तीनदलीय गठबन्धनबाट सत्तामा पुगेका छन्। १६ वर्षमा मर्केलले स्थापित गरेको विधि, पद्धति र उपलब्धिलाई सोल्जले कसरी अघि बढाउँछन्, जर्मन जनताको ध्यान अब त्यता केन्द्रित हुन पुगेको छ। त्यसैले मर्केल क्रेजलाई विस्थापन गर्नतिर लाग्नुभन्दा उहाँले अपनाएको विधि र पद्धतिलाई अनुसरण गर्नसके सोल्जलाई समेत त्यसले पक्कै सफलतातिर डो-याउने छ।*

# तीन पर्व, नाम फरक मर्म एउटै

टुडे एक्सप्रेस / काठमाडौं




मार्गशीर्ष शुक्ल पूर्णिमाका दिन ॐ कार परिवारभित्रका तीन सम्प्रदायले मनाउने प्रमुख तीन चाड जसको नाम फरक भए पनि भाव भने एउटै छ। खस आर्यले धान्य पूर्णिमाका रूपमा खेतबारीबाट आएका नयाँ धानलगायत अन्नको पूजा आराधना गरेका छन्।यस दिन नयाँ अन्न कूलदेवतालाई चढाएर कूलपूजा गर्ने परम्परा पनि खसआर्यका धेरै वंशमा हुनेगर्छ। यसअघि नवान्नप्राशन गर्न नपाएकाले आजैका दिन नवान्नप्राशन गर्छन्। धान्य पूर्णिमा पर्व मनाउनुको मुख्य उद्देश्य नयाँ अन्नको पूजा आराधना गर्ने र देवतालाई चढाएर कृतज्ञता ज्ञापन गर्ने शास्त्रीयविधि रहेको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ। खस आर्यका धेरै थर भएका बन्धुबान्धव एकै स्थानमा जम्मा भई कूल पूजा गर्छन्। जसलाई दियाली पनि भनिन्छ। कूलदेवता, इष्टदेवता, ग्रामदेवतालाई नयाँ अन्न चढाएर मात्र आफूले खाने सनातनदेखिको विधिका आधारमा यो पर्व मनाउन थालिएको हो।यसैगरी नेवार समुदायले आजको दिनलाई योमरी पुन्हि अर्थात् योमरी पूर्णिमाका रूपमा मनाएका छन्।योमरी अर्थात् मनपरेको रोटी पनि नयाँ धानको चामलबाट बनाउने परम्परा रहेको संस्कृतिविद् तेजेश्वरबाबु ग्वङ्ग बताउनुहुन्छ। नेवार समुदायमा पनि धानलगायत यसवर्ष उब्जनी भएको नयाँ अन्नबालीलाई पूजा आराधना गरिन्छ। बिहानैदेखि नेवार समुदायका मानिस स्नान, घरको सरसफाइ गरी योमरी बनाउन थाल्छन्। नयाँ धान कुटेर चामलबाट बनाएको पिठोमै योमरी बनाउने गरिन्छ। हिमाल, पहाड, तराई सबैतिरको धान मार्गशीर्ष शुक्ल पूर्णिमासम्म भित्र्याइन्छ। धान भित्र्याएपछि कुनै न कुनै रूपमा भगवान्लाई अर्पण गरेरमात्र खाने परम्पराका आधारमा यी पर्व मनाउन सुरु गरिएको हो।

नेवार समुदायले आजको दिनलाई ज्यापू दिवसका रूपमा पनि मनाउँछन्। नेवारभित्र पनि विशेषगरी खेतीपातीमा संलग्न हुनेलाई ज्यापू भनिन्छ। उनीहरूले उब्जाएको धानबाट योमरी बनाइने भएकाले आजको दिनलाई ज्यापू दिवसका रूपमासमेत मनाउने गरिएको हो।

प्रकृतिपूजक किराँतले मनाउने उद्यौलीको भाव पनि नयाँ अन्नको पूजा किराँत समुदायले भने आजको दिनलाई उद्यौली पर्वका रूपमा मनाएका छन्। पितृको मान र प्रकृतिको सम्मानका रूपमा किराँत समुदायले उद्यौली पर्व मनाउने गरेका छन्। प्रकृतिपूजक किराँत समुदायका याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उद्यौली सकेला र लिम्बूहरूले चासोक तङनाम पर्वका नाममा उद्यौली धुमधामसँग मनाउने गरेका छन्। किराँत संस्कृतिका बारेमा अनुसन्धानरत कीर्तिकुमार दुमी राई किराँतभित्रका जातजातिले यो पर्वलाई फरक फरक नाम दिए पनि समग्रमा उद्यौलीका नामले चिनिने बताउनुहुन्छ। किराँत समुदायभित्रका फरक-फरक थरले फरक रूपमा मनाउने पर्वको पनि भाव भने एउटै छ।किराँत समुदायले आफूले लगाएको अन्नबाली पाकेपछि आफ्नो इष्टदेवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई स्मरण गर्ने दिनलाई याक्खाले चासुवा, सुनुवारले फोलस्यादर, राईले उद्यौली सकेला र लिम्बूहरूले चासोक तङ्नाम पर्वका नाममा मनाउँछन्। बाली लगाउने बेलामा भने किराँत जातिमा यावा अर्थात् उभौंली पर्व मनाइने प्रचलन छ। भूमिपूजाका लागि बिहानैदेखि किराँत महिला तथा पुरुष जातीय वेषभूषामा सजिएर च्याब्रङ बाजाको तालमा धाननाच नाच्दै पर्व मनाउने स्थानमा पुग्छन्। पर्व र रीतिरिवाज एउटै भए पनि आ-आफ्नो भाषाअनुसार पर्वलाई पुकार्ने चलन छ। ललितपुरको सानो हात्तीवन किराँतकालदेखिको ऐतिहासिक धार्मिक तीर्थस्थल मानिन्छ। किराँतहरूको ऐतिहासिक पवित्र धार्मिकस्थल सानो हात्तीवनमा आज किराँत चाड विशेष रूपमा मनाइएको छ। लिम्बूहरूले युमासामाङ र थेवासामाङलाई आफ्नो इष्टदेवता मान्छन् भने किराँत तागेरा निङ् वाफुमाङलाई आफ्नो देवताका रूपमा पुज्ने गर्छन्। तागेरा निङ् वाफुमाङ्लाई आकृति विनाको अदृश्य शक्ति मानिने भएकाले मूर्ति वा प्रतिमा नहुने अनुसन्धाता राई बताउनुहुन्छ। पूजापछि आ-आफ्नो परम्पराअनुसार चण्डीनाच, च्याब्रुङनाच, ढोलनाचलगायत नाच नाचेर मनोरञ्जन गर्छन्। पर्व मनाउन त्यहाँ भेला भएका किराँतहरूले आफ्नो परम्परगत साँस्कृतिक कार्यक्रम र विभिन्न खेलकूद प्रतियोगिता पनि आयोजना गर्ने परम्परा छ।

वैशाख शुक्ल पूर्णिमामा उभौली पूजा गरेका किराँतले आज उद्यौली पूजा गरेपछि माथिबाट तल झर्ने गर्छन्। जसलाई पर्यावरण अनुकूलता अनुरुपका कामका रुपमासमेत लिइने राईले बताउनुभयो। जाडोमा तल झर्ने गर्मीमामाथि लेकमा जाने रूपमा पनि उद्यौली र उभौली पर्वलाई लिने गरिन्छ।उभौलीमा खेतीपाती राम्रो होस् भनी पूजा गर्ने र उद्यौलीमा खेतीपाती राम्रो गरेकामा साकेला (भूमे) लाई धन्यवाद दिने पर्वका रूपमा मनाउने गरिएको विश्वाससमेत किराँत जातिमा छ। दुवै पर्वलाई किराँत समुदायले भव्य रूपमा मनाउँछन्। खसआर्यले मनाउने धान्य पूर्णिमा, नेवार समुदायले मनाउने योमरी पुन्हि अर्थात् योमरी पूर्णिमा र किराँत समुदायले मनाउने उद्यौली पर्वको भाव भने एकै छ। नयाँ अन्नबाली भित्र्याएपछि आ-आफूले मानेका देवीदेवतालाई चढाएर खाने परम्परागत नियमको पालनामा तीनै पर्व केन्द्रित हुने गरेको छ।रासस

# ओमिक्रोन भित्रिन नदिन सीमा नाकामा उच्च सतर्कता



टुडे एक्सप्रेस / नवलपुर

केही समयअघि दक्षिण अफ्रिकामा पहिचान गरिएको कोभिड-१९ को 'ओमिक्रोन भेरियन्ट' भित्रिन नदिनका लागि नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को सीमा नाकामा उच्च सतर्कता अपनाइएको छ। भारतसँग सीमा जोडिएको त्रिवेणी भन्सारमा उच्च सुरक्षा सतर्कता अपनाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। प्रमुख जिल्ला अधिकारी मनमाया भट्टराई पङ्गेनीले नयाँ भेरियन्ट जिल्लामा भित्रिन नदिनका लागि स्वास्थ्य सचेतनासँगै सीमामा उच्च सतर्कता अपनाइएको बताउनुभयो। "हामीले बोर्डरलाई सुरक्षित पार्नका लागि त्रिवेणी स्वास्थ्य चौकीबाट भन्सारमा हेल्थ डेस्क राखेका छौँ", उहाँले भन्नुभयो, "सीमा हुँदै नेपाल भित्रिनेहरूको स्वास्थ्य परीक्षण गर्नुका साथै उनीहरूलाई अनिवार्य रुपमा मास्कको प्रयोग गर्न लगाएका छौँ।" त्रिवेणी भन्सार खुलेको भए पनि यस नाकाबाट यात्रुबाहेक अन्य मालसामान भने आयात निर्यातको काम नभएको उहाँको भनाइ छ। "त्रिवेणी भन्सार हुँदै यात्रु मात्रै आवातजावत गर्दैछन्, मालवाहक सवारीसाधन यो नाकाबाट भित्रिएका छैनन्", प्रजिअ पङ्गेनीले भन्नुभयो, "२२ डिसेम्बरबाट पटनाले भन्सार खोल्ने भन्ने सुनेका छौँ, त्यसपछि यो नाकामा अझै कडाइ गर्नेछौँ।" त्रिवेणी भन्सारबाट बिहान भारततिर जाने र बेलुका घर फर्किने तथा बाल्मीकी आश्रम जाने मानिस मात्रै आवातजावत गरेको भन्दै उहाँले स्वास्थ्य मापदण्ड पालना गर्न लगाइएको बताउनुभयो। कोरोना भाइरस सङ्क्रमण कम हुँदै गएको अवस्थामा पछिल्लो समय स्वास्थ्य सतर्कतामा लापरबाही भइरहेको उहाँको भनाइ छ। जिल्लामा स्वास्थ्य सचेतना वृद्धि गर्दै खोपको सहजताका लागि सङ्घीय सरकारसँग पहल भइरहेको उहाँले बताउनुभयो। बालबालिकाका लागि मोडर्ना खोप लगाउन सुरु गरिएको भन्दै प्रजिअ पङ्गेनीले ज्येष्ठ नागरिकलाई भेरोसिलको बुस्टर डोज लगाउनेबारे तयारी भइरहेको जानकारी दिनुभयो। कोरोना भाइरस सङ्क्रमण बढ्न सक्ने भन्दै उहाँले जिल्लामा हुने कार्यक्रममा स्वास्थ्य मापदण्ड लागू भए नभएको अनुगमन गरिरहेको बताउनुभयो।

स्वास्थ्य कार्यालय नवलपुरका प्रमुख केशवप्रसाद चापागाईंले जिल्लाका १२ देखि १८ वर्षसम्मका बालबालिकालाई कोरोना भाइरसविरुद्धको मोडर्ना खोप लगाउन सुरु गरिएको जानकारी दिनुभयो। यही पुस १४ गतेसम्म जिल्लाका ४५ हजार विद्यार्थीलाई मोडर्ना खोपको पहिलो मात्रा लगाएर सकिने उहाँको भनाइ छ। उहाँकाअनुसार माघको २ गतेबाट मोडर्नाको दोस्रो मात्रा विद्यार्थीलाई दिइनेछ। जिल्लामा हालसम्म १८ वर्षमाथिका ८५ प्रतिशत जनसङ्ख्याले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाइसकेका कार्यालय प्रमुख चापागाईंले जानकारी दिनुभयो। उहाँकाअनुसार हालसम्म खोपको पूरा मात्रा लगाउनेको सङ्ख्या एक लाख १० हजार तथा पहिलो मात्रा लगाउनेको सङ्ख्या एक लाख ८५ हजार रहेको छ। खोपको पहिलो मात्रा लगाएका १८ वर्षमाथिका नागरिकलाई माघको पहिलो हप्ताभित्र दोस्रो डोजसमेत लगाइ सक्ने गरी तयारी भइरहेको उहाँको भनाइ छ। जिल्लामा कोरोना रोकथाम र उपचारका लागि पूर्णरुपमा तयारी अवस्थामा रहेको प्रमुख चापागाईले जानकारी दिनुभयो। जिल्ला अस्पताल र स्थानीय तहका नगर अस्पतालमा गरी करिब २०० शय्याको आइसोलेशन तयारी अवस्थामा रहेको उहाँको भनाइ छ। हरेक स्थानीय तहमा चिकित्सक स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको भन्दै यसपटक जिल्लामा अक्सिजनको कमी नहुने चापागाईंले बताउनुभयो। "पहिलो लहरमा जस्तो यसपटक अक्सिजनको कमी हुँदैन", प्रमुख चापागाईंले भन्नुभयो, "हामीसँग पर्याप्त अक्सिजन, कन्सन्ट्रेटरलगायत सामग्री छन्।" कोरोना फैलिन नदिनका लागि सचेतनासँगै स्थानीय तहका स्वास्थ्य संस्थालाई उच्च सतर्कता गराइएको प्रमुख चापागाईंले बताउनुभयो।रासस

# ट्राफिक सप्ताह शुभारम्भ

टुडे एक्सप्रेस / झापा




सवारी दुर्घटना न्यूनीकरण तथा सडक सुशासन कायम गराउने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यालयले आइतवारदेखि साताव्यापी सचेतनामूलक कार्यक्रम सुरु गरेको छ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले सात वर्षीया बालिका रिसिका भण्डारीलाई 'स्लो ड्राइभ लङफाइफ' लेखिएको हेल्मेट लगाएदिएर 'ट्राफिक सप्ताह २०७८' शुभारम्भ गर्नुभएको हो। आइतवारदेखि सुरु भएको अभियान पुस १० गतेसम्म सञ्चालन हुनेछ। त्यसअघि 'मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔँ, सवारी चलाउँदा मोवाइल फोन प्रयोग नगरौँ, जेब्राक्रसबाट बाटो काट्ने यात्रीलाई प्राथमिकता दिऔँ'लगायत नारा लेखिएका प्ले कार्डसहित प्रभातफेरि गरिएको थियो।

विर्तामोडको हनुमान सेन्टरबाट सुरु गरिएको प्रभातफेरि बजार परिक्रमा गर्दै सोही स्थानमा आएर सभामा परिणत भएको थियो। प्रभातफेरिमा नागरिक समाज, विभिन्न संघसंस्था, विद्यार्थी, सरकारी निकायका प्रमुखलगायत पाँच सयभन्दा बढी सहभागी थिए। जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख निषेश चापागाईंले दुई पाङ्ग्रे सवारी साधनबाट दुर्घटना बढी भएकाले प्रतिकात्मक रुपमा 'स्लो ड्राइभ लङफाइफ' लेखिएको हेल्मेट बालिकालाई लगाएदिएर कार्यक्रम शुभारम्भ गरिएको बताउनुभयो। 'सातै दिन सातै काम सडक सुरक्षा हाम्रो अभियान' नारासहित सुरु भएको अभियानअन्तर्गत मुख्य चोकहरूमा पाँच विद्यार्थी, दुई स्काउट स्वयम्सेवक र दुई ट्राफिक प्रहरीले सडक प्रयोगकर्तालाई बाटो काट्न सिकाउने, चालकको गल्ती औंल्याउनेलगायत काम गरिने उहाँले जानकारी दिनुभयो। सोही अभियानअन्तर्गत स्थानीय तह, सरोकारवाला निकाय, संघ संस्थासँग समन्वय तथा सहकार्य गरी प्रमुख लोकमार्ग, सहायक मार्ग तथा फुटपाथमा हुने अब्यवस्थित पार्किङ, अस्थायी टहरा, वर्कसप, ग्यारेज, व्यापारिक प्रयोजनका सामग्री, निर्माण सामग्री हटाइने भएको छ। प्रदेश नम्बर १ को आन्तरिक मामिला तथा कानुन मन्त्रलाय र इटहरीस्थित एक नम्बर ट्राफिक प्रहरी कार्यालयको संयुक्त आयोजनामा प्रदेशका १४ वटै जिल्लामा आज विहान एकैसाथ कार्यक्रम सुरु गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।रासस

# मन्त्री खतिवडाद्वारा खोप कार्यक्रमको शुभारम्भ

टुडे एक्सप्रेस / काठमाडौं



स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले विद्यालय मै खोप केन्द्र राखेर विद्यार्थीलाई कोरोनाविरुद्धको खोप लगाउने कार्यक्रमको शुभारम्भ गर्नुभएको छ। हेटौंडा उपमहानगरपालिकास्थित भुटनदेवी माध्यमिक विद्यालयको खोप केन्द्रबाट विद्यार्थीलाई खोप लगाउने कार्यक्रमको औपचारिक शुभारम्भ गर्नुभएको हो। उक्त विद्यालय मन्त्री खतिवडा आफैंले अध्ययन गरेको विद्यालय हो। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री खतिवडाले खोप अभियानबाट कोही पनि नेपाली बञ्चित हुनुनपर्ने बताउनुभएको मन्त्रीका प्रेस सल्लाहकार शन्तराम विडारीले जानकारी दिनुभयो। उहाँले सबै बालबालिकालाई खोप नलगाएसम्म निरन्तर रूपमा यो अभियान जारी रहने बताउनुभयो। अधिकांश जिल्लाबाट खोपको व्यवस्था मिलाइएकाले स्थानीय तहमा मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत र विभिन्न दलका नेताले अभियानको सुरुआत गरेको जनाइएको छ।सरकारले आजदेखि सातवटै प्रदेशका ५७ जिल्लामा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई कोभिडविरुद्धको मोर्डना खोप दिन सुरु गरेको हो। तीन प्रदेशका आठ जिल्लामा भने यही पुस १३ देखि २२ गतेसम्म फाइजर खोप अभियान चलाइने भएको छ। ती आठ जिल्लामा वागमती प्रदेशका काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुली र चितवन गरी छ जिल्ला तथा सुदूरपश्चिमको डडेल्धुरा र कर्णाली प्रदेशको सुर्खेत रहेको छ।

मन्त्रालयले पुस १३ देखि २२ गतेसम्म पहिलो मात्रा र आगामी माघ ४ देखि १३ गतेसम्म दोस्रो मात्रा खोप लगाउने गरी कार्यतालिका सार्वजनिक गरेको छ। विद्यालयलाई खोप केन्द्र बनाउने सन्दर्भमा भने जिल्लास्तरीय प्रमुख जिल्ला अधिकारी र स्थानीय सरकार प्रमुख रहेको समितिले निर्धारण गरेको छ। धेरै विद्यार्थी भएको विद्यालयमा सोही विद्यालयमा र कम विद्यार्थी भए दुई/तीन विद्यालय मिलाएर कुनै एउटा विद्यालयमा खोप लगाइने तय गरिएको हो। जिल्लास्थित जनस्वास्थ्य कार्यालयको समन्वयमा स्थानीय तहले विद्यालयमा अभियान सुरु भएको हो। पहाडी र दुर्गग जिल्लामा सय विद्याथी भएपछि खोप केन्द्र मानिएको छ भने तराई र शहरी ठाउँमा २०० विद्यार्थीलाई एक खोप केन्द्र मानिएको छ।रासस

# टुङ्गो लागेन निर्माण कम्पनीको अवधि थप्ने विषय

टुडे एक्सप्रेस / काठमाडौं

मेलम्ची खानेपानी आयोजनामा कार्यरत निर्माण कम्पनीको अवधि थप्ने विषय टुङ्गो लाग्न सकेको छैन। अस्थायी रूपमा पानी काठमाडौं ल्याउनका लागि अवधि थप गर्नुपर्ने भए पनि सरकारले टुङ्गो लगाइसकेको छैन। चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोको अवधि थप्नका लागि मेलम्ची खानेपानी विकास समितिले प्रक्रिया अघि बढाए पनि टुङ्गो लाग्न नसकेको हो। अस्थायी रूपमा पानी ल्याउका लागि विभिन्न संरचनामा मर्मत गर्नुपर्ने समितिका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताउनुभयो। गत फेब्रुवरीमा ठेक्का अवधि सकिएकामा अवधि थपको प्रक्रियामा हुँदा दुर्घटना भएको थियो। उहाँले भन्नुभयो, "अहिले मन्त्रालयमा छलफलकै क्रममा भए पनि टुङ्गो लाग्न सकेको छैन।"अस्थायी रूपमा पानी ल्याउन साधारण काम मात्रै बाँकी रहेको सूचना अधिकारी पन्तले बताउनुभयो।

आयोजनाअर्न्तगत अहिले सुरुङ र हेडवर्क सफा गर्न बाँकी छ। ठेक्काको अवधि थप भएमा बाँकी कामसँगै अहिले मर्मतको काम सोही कम्पनीलाई गराउन सकिने आयोजनाले जनाएको छ। कुनै पनि ठेक्कामा सुरुको ठेक्काको ५० प्रतिशभन्दा बढीको म्याद थप गर्नुपर्दा मन्त्रिपरिषद्बाट निर्णय गर्नुपर्ने व्यवस्था छ। अहिले सो ठेक्काको अवधि थपसँगै कार्ययोजना अघि बढाइएको सूचना अधिकारी पन्तले बताउनुभयो। अहिले बाँकी रहेका काम गर्नका लागि कम्पनीलाई समितिले काम गर म्याद थप भन्न सकिने भए पनि अहिले त्यो गर्न नसकिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "अवधि थप नभएकाले काम गर भन्न सकिएको छैन।" आयोजनाका बाँकी काम सम्पन्न गरेर अबको केही महिनामा पानी काठमाडौं उपत्यका ल्याउने गरी सडक र पुल अस्थायी रुपमा खुलाइसकिएको छ। समितिले हेलम्बु गाउँपालिकासँग समन्वयमा अस्थायी सडक खुलाएको हो।

सरकारले आगामी चैतसम्ममा पुनः उपत्यकामा पानी झार्ने लक्ष्य लिएको छ। निर्माण कम्पनीको अवधि थप भएमा अस्थायी रूपमा ल्याउन समस्या नहुने सूचना अधिकारी पन्तले बताउनुभयो। गत असारमा गएको बाढीका कारण पुरिएर रहेका साना सुरुङ खोल्न सकेमा पुनः पानी हस्थान्तरण गर्न सकिने उहाँले बताउनुभयो। जम्मा दुई हजार ११० मिटर लम्बाइको हेडवर्क सुरुङ र दुई सय मिटर लम्बाइको अम्बाथान अडिट सफा गरेर मात्रै पानी हस्थान्तरण गर्न सकिन्छ। समितिले अहिले ती दुबै धेरै नभरिएको छ अनुमान गरेको छ। उहाँले भन्नुभयो, "धेरै काम बाँकी नभएकाले सुरु भएपछि धेरै समय नलाग्न सक्छ।" कामको हिसाबले अहिले कार्यरत कम्पनीलाई काम लगाउन सजिलो भएको समितिले जनाएको छ। निर्माण कम्पनीका कारणभन्दा पनि प्रकृतिक विपत्तिका कारणले समस्या आएकाले पनि अवधि थप गर्नुपर्ने सूचना अधिकारी पन्तले बताउनुभयो। अहिले कार्यरत निर्माण कम्पनीको ठेक्का सम्पन्न नभएकाले नयाँ व्यवसायीलाई काम गराउन नसकिने समितिले जनाएको छ। अहिले सुरुङभित्र लगेर अरु कम्पनीलाई काम गराउदा समस्या आउनसक्ने हुँदा उसको नै अवधि थप्न भनिएको उहाँले बताउनुभयो। हेडवर्कमा पनि नयाँ कम्पनीले काम गर्दा भएका संरचनामा थप क्षति हुनसक्ने भएकाले सिनो हाइड्रो कम्पनीको नै अवधि थप गर्नु ठिक हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "उसको र हाम्रो कारणले ढिला भएको होइन, त्यसैले ठेक्का तोड्न सकिने अवस्था छैन।" अवधि थप र कार्ययोजनजा दुबैको विषयमा अहिले खानेपानी मन्त्रालयमा छलफल भइरहेको छ। पहिले मूल्याङ्कन टुङ्गो लगाएर अघि बढ्ने विषय पनि छलफल भइरहेको छ। खोलामा सफा गर्नुपर्ने भएकाले अनुमानित खर्च तलमाथि हुनसक्ने उहाँले बताउनुभयो। निर्माण सुरु भएको दुई दशकपछि सम्पन्न सो आयोजनाको पानी गतवर्ष फागुनमा परीक्षणका लागि सुरुङमा पठाइएको थियो। त्यसअघि गत वर्ष असारमा सुरुङको परीक्षण गर्दा दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको थियो।

पछिल्लो पटक काठमाडौं उपत्यकाका धेरै स्थानमा मेलम्चीको पानी वितरण सुरु भएको थियो। कार्यतालिकाको आधारमा असार १ देखि सुरुङको निरीक्षण थालिएको थियो। तीन महिनामा निरीक्षण सकेर असोजदेखि पुनः पानी सुन्दरीजल झारिने लक्ष्य लिइएको भए पनि प्राकृतिक विपत्तिले गर्दा त्यो पूरा भएन। मेलम्ची नदीमा आएको बाढीले गर्दा विभिन्न संरचना पुरिएका छन्। तीनमा कति क्षति पुग्यो भन्ने समेत यकिन छैन।रासस

# इजरायली सेनाद्वारा वेस्ट बैंकमा भएको गोलीकाण्डमा संलग्न ४ संदिग्ध पक्राउ



**जेरुसेल, रासस** / एपी

इजरायली सेनाले आइतवार आफ्नो सेनाले कब्जा गरेको वेस्ट बैंकमा एक घातक गोलीबारीमा भाग लिएको विश्वास गरिएका चार प्यालेस्टाइनी संदिग्धहरूलाई पक्राउ गरेको छ।बिहीबारको घटनामा कम्तिमा एक प्यालेस्टिनी बन्दुकधारीले वेस्ट बैंकको बस्ती चौकीको छेउमा यहूदी सेमिनरीका विद्यार्थीहरूले भरिएको कारमा गोली चलाएको थियो। उक्त घटनामा इजरायली सरकारले गैरकानुनी मानेको होमेश नजिकै २५ वर्षीय येहुदा डिमेन्टम्यानको मृत्यु भएको थियो भने अन्य दुई जना घाइते भएका थिए।सेनाले संदिग्धहरूलाई जेनिन नजिकैको सिलाट अल-हारेतियाको उत्तरी वेस्ट बैंक गाउँमा पक्राउ गरिएको थियो र थप अनुसन्धानको लागि सुरक्षा बललाई हस्तान्तरण गरिएको गरेको जनाएको छ।

इजरायली सीमा प्रहरीले आक्रमणकारीसँगै राइफल र गोलाबारुदको भण्डारको तस्वीरहरू पनि सार्वजनिक गरेको छ।

इजरायलका प्रधानमन्त्री नाफ्ताली बेनेटले आतङ्कारिको पक्राउका लागि सुरक्षा बलहरूलाई बधाइ दिएका छन्।

इजरायल-प्यालेस्टिनी हिंसाको एक हफ्ता पछि यो घटना देकीएको हो। यस महिनाको शुरुमा एक प्यालेस्टिनी आक्रमणकारीले जेरुसेलमको पुरानो शहर बाहिर एक अल्ट्रा-अर्थोडक्स यहूदीलाई छुरा प्रहार गरी गम्भीर घाइते बनाएको थियो।

त्यसको ठीक एक हप्ता अघि एक हमास लडाकुले पुरानो शहरमा गोली चलाउँदा एक इजरायलीको मृत्यु भयो। इजरायलले १९६७ मध्यपूर्व युद्धमा पूर्वी जेरुसेलम र वेस्ट बैंक कब्जा गरेको थियो र उक्त क्षेत्रहरूमा हाल ७००,००० इजरायली बसोबास गर्ने घरहरू छन्। धेरैजसो अन्तरराष्ट्रिय समुदायले इजरायली बस्तीहरूलाई शान्ति स्थापनाका निम्ति अड्चन ठान्छन्। प्यालेस्टाइनीहरूले पूर्वी जेरुसेलम र वेस्ट बैंकलाई भावी स्वतन्त्र राज्यको रूपमा खोजिरहेका छन्।

# फिलिपिन्समा आधीका कारण मृत्यु हुनेको संख्या १०८ पुग्यो

**मनिला, रासस** / एएफपी



फिलिपिन्समा यस वर्षको सबैभन्दा शक्तिशाली आँधीमा परी मृत्यु हुनेको संख्या १०८ पुगेको छ। यो सँगै विनाशकारी टापुहरूमा पानी र खाद्यान्न पुऱ्याउने प्रयासहरू बढ्दै गएको छ।

राई आँधीले द्वीपसमूहको दक्षिणी र मध्य क्षेत्रहरूलाई तहसनहस बनाएपछि ३००,००० भन्दाबढी मानिस आफ्नो घर र समुद्र तटको रिसोर्ट छोडेर भागेका थिए।आँधीले धेरै क्षेत्रमा सञ्चार र बिजुली अवरुद्ध पारेको छ। छाना उढाएको छ। बिजुलीका पोल ढलेका छन् र गाउँ बाढीमा परेका छन्।राईले बिहीबार प्रतिघण्टा १९५ किलोमिटर (१२० माइल) गतिको हावाको गतिमा आएको सुपर टाइफुनको रूपमा देशमा प्रहार गरेको थियो।सबैभन्दा बढी प्रभावित क्षेत्रमा खोजी र उद्धार कार्यमा सहयोग गर्न हजारौं सेना, प्रहरी, तटरक्षक र दमकल खटिएका छन्।कोस्ट गार्ड र खाना, पानी र चिकित्सा आपूर्ति बोकेका नौसेनाका जहाजहरू प्रभावित क्षेत्रतर्फ पठाइँदै छन्। परोपकारी र आपतकालीन सेवाहरूले चन्दाको लागि अपील गरेका छन्।

# पोर्चुगलमा ओमिक्रोनको प्रकोप बढेपछि बालबालिकालाई खोप




**लिस्बन, रासस** / सिन्ह्वा

पोर्चुगलले कोरोना भाइरसको ओमिक्रोन भेरियन्टको प्रकोप बढ्दै गएको भन्दै यहाँका बालबालिकालाई कोरोनाविरुद्धको खोप लगाउन थालेको छ। यहाँको स्वास्थ्य निर्देशनालयका अनुसार आइतबार मात्र यहाँका ४१ हजार जनालाई खोप लगाइएको छ। ती बालबालिका ओमिक्रोन भाइरसको सङ्क्रमण बढेको प्रभावित क्षेत्रका हुन्। ती बालबालिका ५ देखि ११ वर्षका हुन्। उनीहरूलाई विशेष प्राथमिकतामा राखेर खोप दिने गरिएको छ। यसै वर्षभित्र यहाँका सबै बालबालिकालाई कोरोना विरुद्धको खोप दिइसक्ने र थपलाई आगामी वर्ष दिइने पनि अधिकारीहरूले जनाएका छन्। आगामी वर्षबाट यो कार्यक्रमलाई थप प्राथमिकता राखिने र यहाँका १३ वर्षसम्मका सबैलाई खोप दिइने छ। पोर्चुगलमा पछिल्लो समयमा कोरोनाको प्रकोप बढ्दै गएको देखिएको छ।

गएको २४ घन्टामा मात्र यहाँ पाँच हजार जनाभन्दा बढीमा सङ्क्रमण देखिएको छ। त्यस्तै यस अवधिमा यहाँका १२ जनाको यही संक्रमणबाट ज्यान पनि गएको छ।

# हुथी विद्रोहीद्धारा यमनमा नयाँ क्षेत्र कब्जा गर्ने प्रयास

**आदेन, रासस** / सिन्ह्वा



यमनका हुथी विद्रोहीहरूले यहाँको एक नयाँ क्षेत्र कब्जा गर्ने प्रयास गरेका छन्। उनीहरूले सरकारी सुरक्षा निकायबाट सो क्षेत्र कब्जा गर्ने प्रयास थालेका बताइएको हो। यमनका विद्रोहीहरूले यमनको उत्तरपूर्वी क्षेत्रमा रहेको सो अल जबाफ नामको शहर कब्जा गर्ने प्रयास गरेका हुन्। उनीहरूले सो क्षेत्र कब्जा गर्नका लागि शनिबार रातिदेखि नै निकै प्रयास थालेका थिए। उनीहरूले निकै नै शक्तिशाली हतियारबाट सो शहरमा आक्रमण गरेका बताइएको छ। अल जबाफ प्रान्तामा रहेको अल जबाफ शहर उनीहरूले कब्जा गर्न थालेका हुन्। उनीहरूले सो क्षेत्र निकै रणनीतिक रुपमा महत्वको रहेकाले आक्रमण थालेका र आफ्नो बनाउन खोजेका बताइएको छ। सो शहर साउदी अरेबियाको सीमा क्षेत्रमा पर्दछ। यहाँ हुथीहरूले अधिकांश क्षेत्रहरू कब्जामा लिइसकेका सैनिक स्रोतले जनाएको छ। सैनिक स्रोतकाअनुसार सो क्षेत्रका अधिकांश क्षेत्र कब्जामा लिइएको र त्यहाँबाट सुरक्षाकर्मीहरू पनि भागेर अन्यत्रै पुगेका पनि बताइएको छ। आफ्नो नाम बताउन नचाहने एकजना सैनिक अधिकारीले भने सो शहरका अधिकांश भागमा हुथीहरूले कब्जा जमाइसकेका छन्। अहिले यहाँको सेनाले साउदी अरेबयाको सहयोग रहेको छ। यहाँको सेना साउदी अरेबियाको सेनाले नेतृत्व गरेर विभिन्न हवाई कारबाही गर्ने गरेको छ। यसरी हुथीहरूका विरुद्धमा गर्ने गरिएको कारबाहीमा परेर कैयौं हुथीहरूको ज्यान जाने गरेको छ। तर यो पछिल्लो आक्रमण भने हुथी विद्रोहीहरूले साउदी अरेबियाको सीमा क्षेत्रमा नै पुगेर गरेका बताइएको छ।

# युके ब्रेक्सिट मन्त्रीले राजीनामा दिए



**लन्डन, रासस** / एपी

प्रधानमन्त्री बोरिस जोनसनको मन्त्रिपरिषद्का एक वरिष्ठ सदस्यले शनिबार राति राजीनामा दिएका छन् र यो सँगै यसै हप्ता आफ्नै सांसद र मतदाताहरूबाट विद्रोहको सामना गरेको सरकार भित्र थप असमझदारी देखिएको छ।ब्रेक्सिट मन्त्री डेभिड फ्रस्टले जोनसनलाई लेखेको पत्रमा एक पत्रिकाले अर्को महिना पद छाड्ने योजना बनाएको खबर दिएपछि आफूले तुरुन्तै राजीनामा दिएको बताए।फ्रस्टले भने कि इयु छोड्ने प्रक्रिया दीर्घकालीन काम हुनेछ। "त्यसैले हामी यस महिनाको शुरुमा जनवरीमा अगाडि बढ्ने र इयुसँगको हाम्रो भविष्यको सम्बन्धलाई व्यवस्थित गर्न अरूलाई डण्डा सुम्पने कुरामा सहमत भयौं,"

उनले आफ्नो राजीनामा पत्रमा भनेका छन्।उनले जोनसनको नीतिहरूप्रति बढ्दो मोहभंगको कारण राजीनामा दिएका हुन्। अखबारका अनुसार फ्रोस्टको निर्णय गत हप्ताको नयाँ महामारी प्रतिबन्धको चर्चाबाट शुरु भएको थियो जसमा मानिसहरूले खोपको प्रमाण वा नाइटक्लबहरू र अन्य भीडभाड स्थानहरूमा प्रवेश गर्न कोरोनाभाइरस परीक्षणको नेगेटिभ प्रमाण अनिवार्य गरिएको थियो।

# साफ यु १९ च्याम्पियनसिप : नेपाल भारतसँग पराजित



**टुडे एक्सप्रेस** / काठमाडौं

बङ्गलादेशमा जारी साफ यु-१९ (१९ वर्षमुनि) महिला फुटबल च्याम्पियनसिपमा नेपाल भारतसँग पराजित भएको छ। बङ्गलादेशका ढाकामा आज भएको खेलमा भारतसँग नेपाल १-० गोलअन्तरले पराजित भएको हो।

जितसँगै भारत भने प्रतियोगिताको फाइनलमा पुगेको छ। भारतको जितमा प्रियङका देवीले गोल गरिन्।

उनले खेलको ६७ औं मिनेटमा गरेको एक गोल नै भारतको लागि निर्णायक गोल सावित भयो। यता पराजयसँगै नेपालको फाइनलमा प्रवेश गर्ने सम्भावना अर्को खेलको नतिजालाई कुर्नुपर्ने भएको छ। फाइनल प्रवेशका लागि नेपाललाई भारतसँग केवल बराबरीको आवश्कता रहेको थियो। अब नेपालले फाइनल प्रवेशका लागि बङ्गलादेश र श्रीलङ्काबीच हुने खेलको नजिता पर्खनुपर्नेछ। बङ्गलादेशले श्रीलङ्कामाथि जित वा बराबरिकै नजिता निकाले नेपाल प्रतियोगिताबाट बाहिरिनेछ भने बङ्गलादेशले पराजय भोगे नेपाल फाइनलमा प्रवेश गर्ने सम्भावना रहनेछ। भारतले चारमध्ये तीन खेल जित्दै नौ अङ्क जोडेको छ भने समान खेल खेलेको नेपालले दुई खेलमा जित, एकमा बराबरी र एक खेल हारेको थियो। नेपालको सात अङ्क रहेको छ।

**भलिबल टोलीको बिदाइ**

युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराजले बङ्गलादेश जाने राष्ट्रिय महिला तथा पुरुष भलिबल टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभएको छ। बङ्गलादेशमा यही पुस ६ देखि १४ गतेसम्म आयोजना हुने एशियन सिनियर सेन्ट्रल जोन पुरुष तथा महिला भलिबल प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक तथा अफिसियललाई राष्ट्रिय झण्डा प्रदान गर्नुभयो। नेपाली टोली सोमबार बङ्गलादेश प्रस्थान गर्नेछन्। कार्यक्रममा खेलकूदमन्त्री गहतराजले खेलाडीको खेल जीवनपछिको अवस्थाका बारेमा मन्त्रालयले विभिन्न सरोकारवाला पक्षसँग छलफल गरिरहेको जानकारी दिनुभयो। कार्यक्रममा नेपाल भलिबल सङ्घका महासचिव जीतेन्द्र चन्द्रले राष्ट्रिय टोलीको तयारी राम्रो रहेको बताउनुभयो।रासस

# खेलाडी र खेल पत्रकार सम्मानित



**टुडे एक्सप्रेस** / काठमाण्डौ

युवा तथा खेलकुद मन्त्रालयले ६ खेलाडी, २ प्रशिक्षक र १ निर्णायक गरी ९ जनालाई राष्ट्रिय खेलकुद प्रतिभा सम्मान आइतबार प्रदान गरेको छ।उसुबाट सुर्खेतका दीपक हमाल, धादिङकी जुनी राई र भक्तपुरकी सुस्मिता तामाङ, करातेबाट काठमाडौंका एलन श्रेष्ठ, एथलेटिक्सकी पुष्पा भण्डारी तथा पारा खेलाडीबाट म्याग्दीका केशव थापा (बहुखेल) सम्मानित भए। उनीहरूले जनही १ लाख रुपैयाँ पाए।प्रशिक्षकमा तेक्वान्दोबाट नुवाकोटकी संगीना वैद्य र काठमाडौंका नोर्बु लामा सम्मानित भए। दुवैले जनही ५० हजार नगदसहित प्रशंसा पत्र पाए। निर्णायकमा काठमाडौंका अशोक खड्का सम्मानित भए। तेक्वान्दोका उनलाई १ लाख रुपैयाँ प्रदान गरिएको छ।सोही अवसरमा ९ खेल पत्रकारलाई सम्मान गरिएको थियो। खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानबाट काठमाडौंका हिमेशरत्न वज्राचार्य (कान्तिपुर दैनिक) सम्मानित भए। उनले ५० हजार रुपैयाँ पुरस्कार पाए।पत्रकारिता प्रोत्साहन पुरस्कारअन्तर्गत समावेशीतर्फ रुपन्देहीकी सन्जु पौडेल (कान्तिपुर दैनिक) तथा पोखराका विजय नेपाली (ढोरपाटन दैनिक) जनही २५ हजार रुपैयाँ पाए।पत्रकारिता प्रोत्साहन पुरस्कार (प्रदेशगत) तर्फ सम्मानित हुनेमा प्रदेश १ का नमिन ढकाल (स्थानीय सन्देश साप्ताहिक), प्रदेश २ का बसन्त खतिवडा (नयाँ पत्रिका दैनिक), बाग्मती प्रदेशका कुशल तिमल्सिना (कान्तिपुर दैनिक), गण्डकी प्रदेशकी सोनिता अर्याल (ग्यालेक्सी ४ के टिभी), लुम्बिनी प्रदेशका दीपक न्यौपाने (रेडियो नमस्ते), कर्णाली प्रदेशका रमेशकुमार पाण्डे (गुराँस खबर डटकम) र सुदूरपश्चिम प्रदेशका विनोदसिंह विष्ट (रासस स्थानीय समाचारदाता) पुरस्कृत भए। सातै जनाले समान २५-२५ हजार रुपैयाँ पुरस्कार पाएका छन्।

# कप्तान बनेपछि सन्दीपले भने : राष्ट्रिय टीम सबैका लागि खुला छ

**टुडे एक्सप्रेस** / काठमाण्डौ



राष्ट्रिय क्रिकेट टीमका नवनियुक्त कप्तान सन्दीप लामिछानेले राष्ट्रिय टीममा सबैका लागि ढोका खुला रहेको बताएका छन्।नेपाल क्रिकेट संघ (क्यान)ले कप्तानमा नियुक्त गरेपछि आइतबार फेसबुकमा उनले टीममा सबैका लागि ढोका खुला रहेको बताएका हुन्। क्यानले राष्ट्रिय टीमका कप्तान ज्ञानेन्द्र मल्ल र उपकप्तान दीपेन्द्र सिंह ऐरीलाई हटाउँदै सन्दीपलाई कप्तानको जिम्मा दिएको छ।सन्दीपले भनेका छन् 'एउटा टीमको रुपमा हाम्रो योजना सामान्य छ, क्रिकेटको अन्तर्राष्ट्रिय रोडम्यापमा नेपालको प्रभावकारी उपस्थिति देखाउने, त्यसका लागि हामीले एउटा परिवार, एउटै टीम र युनिटजस्तो गरी खेल्नुपर्छ।'

| छापावाल सुन प्रति तोला | तेजावी सुन प्रति तोला | चाँदी प्रति तोला |
|---|---|---|
| रु.९३,७००/- | रु.९३,२००/- | रु.१,२६०/- |

# किसानबाट उपभोक्तासम्म अण्डा पुऱ्याउँदै दाउन्ने समूह

**टुडे एक्सप्रेस** / काठमाडौं

एक व्यावसायिक समूहले किसानले उत्पादन गरेको अण्डा सोझै उपभोक्तासम्म पुऱ्याउने सञ्जाल निर्माण गरेको छ। चितवनमा रहेको किसान दाना उद्योग प्रालिले किसानले उत्पादन गरेको अण्डा उपभोक्तासम्म सिधैं पुऱ्याउन सुरु गरेको हो। समूहले आफ्नै बिक्री डिपोमार्फत बिक्री गर्ने भएपछि विभिन्न तहमा दिनुपर्ने कमिशन बचत हुने र उपभोक्ताले भविष्यमा सस्तोमा ताजा अण्डा उपभोग गर्न पाउने भएका छन्। सो समूहले नवलपरासीमा दाउन्ने एग्रोफार्म प्रालिमा झण्डै तीन लाख लेयर्स कुखुरा पालेको छ। किसान दाना उद्योगको लगानी रहेको सो प्रालिमा दैनिक एक लाख ३६ हजार वटाभन्दा बढी अण्डा उत्पादन हुन्छ। त्यति नै मात्रामा किसानबाट सङ्कलन हुने गरेको छ। यो सङ्ख्या बढ्ने उद्योगले जनाएको छ।हाल फार्मबाट आपूर्तिकर्ता, डिलर, सहायक डिलर, साइकल र किराना पसल हुँदै उपभोक्ता कहाँ पुग्ने गरेको छ। किसान दाना उद्योगका कार्यकारी निर्देशक विनोद पोखेलका अनुसार फार्मबाट किराना पसलसम्म पुऱ्याउनका लागि बिक्री डिपो विस्तार गरिएको हो। हालसम्म



१० डिपो सञ्चालन ल्याइएको छ। उहाँले भन्नुभयो, "देशका प्रमुख शहरमा डिपो बिस्तार गर्दैछौं।" कम्तीमा ३० डिपो पुऱ्याउने लक्ष्य रहेको उहाँको भनाइ छ। पोखेलका अनुसार डिपो नभएका शहरमा पनि स्थानिय डिलरमार्फत अण्डा पुऱ्याइँदै आएको छ। पोखेलले सोझै घरदैलोसम्म अण्डा पुऱ्याउँदा उपभोक्ताले सस्तोमा अण्डा पाउने बताउनुभयो। हाल उद्योगले काठमाडौँको नैकाप, वनस्थली, पेप्सीकोला, जोरपाटी, नक्साल, सामाखुशी, नयाँबजार, सुर्खेतको सनिहिल लाइन, इटहरीमा बिक्री केन्द्र खोलेको छ। ती केन्द्रमार्फत घरदैलोमा अण्डा पुऱ्याउने गरिन्छ। बाह्र साना भ्यानले अण्डा ओसार्ने गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "स्वच्छ, सफा र ताजा अण्डा सर्वसुलभ दरमा उपभोक्तासम्म पुऱ्याउने हाम्रो लक्ष्य हो।" नेपालमा नै सबैभन्दा बढी अण्डा सङ्कलन गर्ने यस उद्योगले काठमाडौँसँगै नेपालगञ्ज, जनकपुर, सुर्खेत, धनगढी, इटहरी, बुटवल, नेपालगञ्ज जस्ता प्रमुख शहरमा अण्डा बिक्री गर्दै आएको छ। उद्योगका अध्यक्ष रघुनाथ भट्टले किसानबाट पाँचौ तह पार गरेर मात्र उपभोक्तासम्म अण्डा पुग्दै आएकामा अब सोझै उपभोक्तासम्म पुऱ्याउने उद्देश्यका साथ काम थालिएको बताउनुभयो। उहाँका अनुसार घर नजिकैको पसलसम्म उद्योगले अण्डा पुऱ्याउने छ। यस समूहको आफ्नै लगानी र साझेदारीमा दाना उद्योग, पोल्ट्री फार्म, मल प्रशोधन केन्द्र, भेटेनरी पसल, चल्ला उत्पादन गर्ने ह्याचरी, क्रेट उद्योगलगायतका उद्योग र उत्पादनमा लगानी छ। नेपालमा नै सबैभन्दा बढी कुखुरा पाल्ने लक्ष्य लिएको यस समूहले हाल करिब तीन लाख कुखुरा पालेका आठ लाख पुऱ्याउने तयारी गरेको निर्देशक द्रोण लामिछानेले जानकारी दिनुयो। उद्योगले 'ह्याप्पी एग' नामबाट 'ब्राण्डिङ' गरी आकर्षक प्याकिङ्मा बिक्री गर्दै आएको छ। यसैबीच काठमाडौँको वनस्थली र नैकापमा आइतवारदेखि डिपो शुरु गरिएको छ। नेपाल अण्डा उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष शिवराम केसीले वनस्थली र नैकाप डिपोको उद्घाटन गर्नुभयो। सो अवसरमा उहाँले घरदैलोमा ताजा सस्तोमा अण्डा पुऱ्याउने प्रयास प्रशंसनीय रहेको बताउनुभयो। कार्यक्रममा अण्डा उत्पादक सङ्घका महासचिव प्रविण केसी, किसान दाना उद्योग प्रालिका अध्यक्ष भट्ट, कार्यकारी निर्देशक पोखरेल, निर्देशक लामिछानेलगायतको उपस्थिति थियो।रासस

# काठमाडौं उपत्यकामा मागको एक तिहाई मात्र पानी वितरण



**टुडे एक्सप्रेस** / काठमाडौं

काठमाडौं उपत्यकामा मागको एक तिहाई मात्र पानी आपूर्ति हुने गरेको छ। उपत्यकामा दैनिक करिब ४३ करोड लिटर पानीको माग भए पनि काठमाडौं उपत्यका खानेपानी लिमिटेडले त्यसको एक तिहाईभन्दा कम अर्थात् करिब १३ करोड लिटर मात्र उत्पादन एव्म वितरण गर्छ।पुस, माघ र फागुनमा दैनिक १३ करोड लिटर पानी दिन सकिए पनि चैत र वैशाखमा भने दैनिक ११ करोड लिटर पानी मात्र वितरण हुने गरेको लिमिटेडले जनाएको छ। वर्षायाममा भने करिब १६ करोड लिटर पानी वितरण हुने गरेको छ। सुक्खा मौसम लागेसँगै काठमाडौं उपत्यकामा खानेपानीको अभाव हुन्छ। पुसपछि उपत्यकाका स्रोतको पानी कम हुँदै जान थालेपछि खानेपानीको समस्या हुने गरेको छ। धारामा पानी नआएपछि उपत्यकावासी वैकल्पिक व्यवस्था गर्न बाध्य हुन्छन्। लिमिटेडले उपत्यकामा दुई लाख ३७ हजार धारा जडान गरेको प्रवक्ता प्रकाशकुमार राईले बताउनुभयो। चोरीका धारा पनि बेला बेलामा भेटिने गरेको उहाँको भनाइ छ। काठमाडौं उपत्यकामा सुन्दरीजल, महादेवखोला, नक्खु मुहान, शेषनारायण, हिटीटोल, सातमूल, कुटुरी, देवकी वासुकी, बल्खुखोला, मूलडोल, चारघरे, विष्णुमती, पाँचमाने, छहरे, अल्ले, महादेवखोलालगायत स्थानबाट पानी सङ्कलन गरेर प्रशोधन गरी वितरण हुने गरेको छ। यी स्रोतमध्ये सबैभन्दा बढी वाग्मती नदीको पानी सुन्दरीजलमा सङ्कलन गरी वितरण हुन्छ। प्राकृतिक स्रोतबाट सङ्कलन गरेको पानीले नपुग्ने भएपछि केही स्थानमा भूमिगत पानी निकालेर पनि वितरण हुने गरेको छ। हाल उपत्यकामा करिब ८० स्थानमा लिमिटेडले भूमिगत पानी निकालेर प्रशोधन गरी वितरण गर्छ। यसै वर्ष करिब एक करोड लिटर पानी भूमिगत स्रोतबाट थप गर्ने तयारीमा लिमिटेड लागेको प्रवक्ता राईले बताउनुभयो। उपत्यकामा बर्सेनि करिब १० प्रतिशत पानीको माग थपिने गरेको एक अध्ययनले देखाएको छ। बढ्दो जनसङ्ख्या, घर/भवनलगायत भौतिक संरचनाको निर्माणमा वृद्धि र प्राकृतिक स्रोत सुक्न थालेपछि पिउने पानीको अभाव हुन थालेको बताइएको छ। काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले लिमिटेडलाई ३० वर्षका लागि उपत्यकामा पानी वितरणको व्यवस्था गर्ने गरी सम्झौता गरेको छ। यसका लागि लिमिटेडले बोर्डलाई महसुलको दुई प्रतिशत शुल्क बुझाउनुपर्छ। बोर्डको सम्पत्तिको भने छुट्टै शुल्क बुझाउने व्यवस्था सम्झौतामा गरिएको छ। विसं २०६४ फागुन १ गतेदेखि बोर्डले लिमिटेडलाई उपत्यकामा पानी व्यवस्थापनको जिम्मेवारी दिएको हो। काठमाडौं उपत्यकामा खानेपानीको समस्या समाधान गर्न खानेपानी संस्थानबाट छुट्याएर अलग व्यवस्था गरेपनि खास परिवर्तन भएको छैन। खानेपानीको समस्या समाधान हुन सकेको छैन। राजधानीको खानेपानी समस्याका लागि मेलम्चीकै पर्खाइमा अझै मानिस तड्पिएका छन्।रासस

# नेपाल वेयर हाउसले साधारण शेयर बिक्री गर्ने

**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाल वेयर हाउस कम्पनीले साधारण शेयर बिक्री गर्ने भएको छ। कम्पनीको प्रबन्धपत्र संशोधन गने गरी अधिकृत पुँजी रु ७० करोड र जारी पुँजी रु ६८ करोड ७५ लाख पुऱ्याउने प्रस्ताव सञ्चालक समितिले पारित गरेको छ।

हालै सम्पन्न कम्पनीको साधारणसभाले रु १३ करोड ७५ लाख बराबरका साधारण शेयर निष्काशन गर्ने भएको छ।


साधारण शेयर बिक्रीका लागि कम्पनीले सम्बन्धित नियामक निकायमा प्रस्ताव पेश गर्ने निर्णय गरेको छ। कम्पनीका अध्यक्ष आनन्तकुमार बगडियाले कम्पनीलाई थप विस्तार गर्ने उद्देश्यका साथ साधारण शेयर बिक्री गर्ने प्रस्ताव गरिएको जानकारी दिनुभयो। एभरेष्ट बैंकको सहवित्तीयकरणमा निर्माण भइरहेको कम्पनीको सुनसरी, पर्सा र कपिलवस्तु कार्यालयबाट कूल ५५ हजार मेट्रिकटन अन्न भण्डारण हुनेछ।

निम्बस ग्रप, शिखर इन्स्योरेन्स, एनएमबि बैंक, श्रीनगर एग्रो फार्म, टीएएनए इन्भेष्टमेन्ट कम्पनी, टिम भेञ्चर्सलगायतको लगानी रहेको यस कम्पनीमा थप केही व्यासायिक र वित्तीय संस्थाले रु १५ करोड लगानी गरिसकेका छन्।

कम्पनीले अन्न भण्डारणका अतिरिक्त वेयहाउस रिसिप्ट फाइनान्सिंग, अक्सन मार्केट सुविधा, बल्क टन्सपोटेसन र वन स्टप एग्री सोलुसनलगायतका सुविधा उपलब्ध गराउने छ। निर्माणधिन तीन एकाइमध्ये सुनसरीको औरावानीस्थित कार्यालयबाट आगामी दुई महिनाभित्र व्यावसायिक काम सुरु हुने कम्पनीले जनाएको छ।रासस



# सहकारी सञ्चालन गरी स्वरोजगार बन्दै महिला



**टुडे एक्सप्रेस** / कञ्चनपुर

शुक्लाफाँटा नगरपालिका-१० झलारीका महिला सहकारी सञ्चालन गरी स्वरोजगार बन्दै गएका छन्। बैजनाथ महिला विकास बहुउद्देश्यीय सहकारी संस्था सञ्चालन गरी महिला आयआर्जनका कार्यमा संलग्न हुन थालेका छन्। सहकारीमा रकम बचतसँगै ऋण निकालेर महिलाले व्यवसायीक कृषि, व्यापार र पशुपंछीपालन गर्दै आएका छन्। महिलाले नै व्यवस्थापन गर्दै आएको सहकारी संस्थामा नगरपालिका क्षेत्रका एक हजार ११८ महिला आवद्ध रहेका छन्। महिलासँगै सहकारीमा किशोरी ५६ र बालबालिका १४५ समेत आवद्ध छन्। सहकारीका व्यवस्थापक विना क्षेत्रीका अनुसार १९३ महिला व्यावसायिक कृषि, ८१ व्यापार व्यवसाय र ४८ महिला पशुपंछीपालनमा संलग्न रहेका छन्। कृषि कर्जा रु ४८ लाख ३३ हजार ८०, व्यापार कर्जा रु २० लाख १४ हजार १६० र पशुपंछीपालनलगायत अन्य कर्जा रु १२ लाख आठ हजार ४९१ गरी जम्मा रु ८० लाख ५६ हजार ६३१ ऋणका रुपमा परिचालन गरिएको छ। आव २०७७/७८ मा मात्रै रु ६४ लाख ५८ हजार कर्जा महिलाले उत्पादनशिल क्षेत्रमा प्रवाह गरेका छन्। सहकारीमा आवद्ध महिलाको रु ५० लाख ८५ हजार ६५५ रकम बचत रहेको छ। सहकारीको सेयर पूँजी रु १४ लाख २१ हजार ९०० रहेको छ।

"सहकारीमा आबद्ध सदस्यको निधन भएमा परिवारलाई रु दुई हजार किरिया खर्च उपलब्ध गराउने व्यवस्थासमेत गरेका छौँ", व्यवस्थापक क्षेत्रीले भन्नुभयो, "व्यवसायीक कार्यमा संलग्न महिलालाई विना धितो रु एक लाखसम्मको ऋणसमेत सहुलियत ब्याजमा उपलव्ध गराउँदै आएका छौँ।" कार्यालयबाटै कर्मचारीलाई वर्षमा एक पटक पोशाक भत्तावापतको रकमसमेत उपलव्ध गराइँदै आएको छ। कोरोना महामारीबाट मृत्यु भएका सदस्यका परिवारलाई रु पाँच हजारका दरले र विपदमा परी धनसम्पती गुमाएका समेतलाई राहतस्वरुप सोहीअनुरुपको सहयोग रकमसमेत उपलब्ध गराइँदै आएको व्यवस्थापक क्षेत्रीले बताउनुभयो। साठी सेयर सदस्यबाट सुरु गरिएको सहकारीमा हाल एक हजार २२७ सदस्य रहेका छन्। "आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य र हिंसामा परेका महिला र पछि परेको वर्गका महिलाको उन्नति तथा विकासमा पहुँच बढाउन सहकारीले महत्वपूर्ण योगदान दिँदै आएको छ", सहकारीका पूर्वअध्यक्ष द्वारिका कुँवरले भन्नुभयो, "महिला अधिकारको संरक्षणसँगै गरीब तथा पिछडिएका महिलाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन महत्वपूर्ण योगदान गरेको छ।" महिलामाथि हुने हिंसा न्यूनिकरणका लागि समाजमा जनचेतना फैलाउने कार्यसमेत सहकारीका तर्फबाट हुँदै आएको उहाँको भनाइ छ।रासस

# चितवन उद्योग सङ्घद्वारा औद्योगिक पाठशाला सुरू

**टुडे एक्सप्रेस** / चितवन

नयाँ उद्योगीलाई उद्योग सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले चितवन उद्योग सङ्घले औद्योगिक पाठशाला सुरु गरेको छ। सङ्घले औद्योगिक पाठशालाअन्तर्गत पहिलो चरणको कक्षासमेत सञ्चालन गरिसकेको छ।सङ्घका प्रमुख कार्यकारी अधिकृत गणेशप्रसाद सिलवालका अनुसार सङ्घले दुई वर्षे कार्ययोजनाअन्तर्गत १० वटा पाठ्यपुस्तक तयार गरी नियमित रुपमा कक्षा सञ्चालनको योजना बनाएको छ। सोही योजनाअन्तर्गत सङ्घले २० जनालाई व्यावसायिक योजना लेखन कक्षा दिएको छ। व्यावहारिक र सैद्धान्तिक शिक्षाबीचको अन्तरलाई पूरा गर्नका लागि औद्योगिक पाठशाला सञ्चालन गरिएको हो। नयाँ उद्योगी बन्न चाहने र उद्यमशिलतामा रहेकालाई प्रवर्द्धन गर्नका लागि यो कक्षा सहयोगी बन्ने उहाँले वताउनुभयो। सङ्घले कारखाना, बजार र उधारो व्यवस्थापन, प्याकेजिङ, लेवलिङ, ब्राण्डिङ, बेसिक एकाउण्टिङ, फाइनान्सियल एकाउन्टिङ, मानव संशाधन व्यवस्थापन, नयाँ उद्यम तथा उद्यमशिलता विकास र वित्तीय व्यवस्थापनका लागि पाठ्यक्रम निर्माणको काम गरिरहेको छ। सङ्घले यी पाठ्यक्रम निर्माणका लागि रु १० लाख खर्च लाग्ने अनुमान गरेको छ। पाठ्यक्रम निर्माणका लागि जिल्लाका सात पालिका, सङ्घीय सरकार उद्योग मन्त्रालय, प्रदेश सरकार, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रसँग सहकार्य गरिएको सिलवालले बताउनुभयो।उहाँका अनुसार पाठ्यक्रम निर्माणसँगै सम्बन्धित विषय विज्ञ र उद्यमशिलतामा लागेका पुराना व्यवसायीले प्रशिक्षण दिने गरेका छन्। एकपटकमा २० देखि ३५ जनासम्म राखेर पठनपाठन गराइने औद्योगिक पाठशालामा सहभागी प्रशिक्षार्थीलाई क्षमता अभिवृद्धि गर्दै दिगो उद्यमशलितामा टिकाई राख्न, रोजगारीको सिर्जना र नयाँ उद्यमी सिर्जनामा सहयोग पुग्ने सङ्घले विश्वास लिएको छ।सङ्घका अध्यक्ष त्रिलोचन कँडेलले पाठशाला औद्योगिक शिक्षालय सञ्चालनका लागि आधार तय गर्नका लागि सञ्चालन गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "बजारमा मागको आवश्यकता विश्लेषण गरी आन्तरिक रुपमा पाठ्यक्रम निर्माणको काम गरिएको छ।" नेपालमा नै पहिलो पटक पाठशाला सञ्चालनमा ल्याइएको हो। औद्योगिक पाठशाला तीन दिनदेखि एक महिनासम्म सञ्चालन हुनेछ।चितवन उद्योग सङ्घले अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी गर्न मिल्ने गरी आधुनिक प्रदर्शनी केन्द्र निर्माण गरेको छ। केन्द्रमा हालसम्म छ वटा प्रदर्शनी गरिसकिएको छ।रासस

# बन्दरगाह भन्सार कार्यालयमा विद्युतीय भुक्तानी

**टुडे एक्सप्रेस** / वीरगञ्ज

नेपालकै एक मात्र वीरगञ्जस्थित सुख्खा बन्दरगाह भन्सार कार्यालयमा पहिलो पटक विद्युतीय भुक्तानी प्रणालीको परीक्षण थालिएको छ। भन्सारमा दाखिला गर्नुपर्ने सबै प्रकारका महशुलको विद्युतीय भुक्तानी गर्नका लागि तयार गरिएको प्रणालीको परीक्षण थालिएको हो। पुस मसान्तसम्म उक्त विद्युतीय भुक्तानी प्रणालीको परीक्षण गरिनेछ। त्यसपछि अब सुख्खा बन्दरगाह भन्सार कार्यालयमा पहिलो पटक विद्युतीय भुक्तानी प्रणालीको सुरुवात गरिने कार्यालय प्रमुख लालबहादुर खत्रीले जानकारी दिनुभयो।



यस प्रणाली प्रयोग गरी प्रयोगकर्ताले आफूलाई उपयुक्त कुनै भुक्तानीका उपकरणमा आबद्ध भई आफ्नो बैंक खाताबाट सिधैं विद्युतीय रुपमा भन्सार कार्यालयमा रहेको बैंकस्थित भन्सार कोष खातामा भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ। भन्सार विभागले नेपाल राष्ट्र बैंकको राष्ट्रिय भुक्तानी स्वीचको सञ्चालककर्ता नेपाल क्लियरिङ हाउस लिमिटेडसँग समन्वय गरी सो प्रणालीको विकास गरिएको हो। प्रयोगकर्ताले भन्सारमा प्रज्ञापनपत्र राजस्व भुक्तानीका लागि तयार अवस्थामा पुगेपछि भुक्तानी प्रणालीमार्फत प्रज्ञापन-पत्रको साधारण विवरणहरू (भन्सार कार्यालय कोड, वर्ष, प्रज्ञापनपत्र सङ्केत र प्रज्ञापनपत्र नं) प्रविष्ट गरी भुक्तानी हुनु पर्ने रकमको विवरण हेरी, यकिन गरी भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ। यसको प्रयोगबाट व्यवसायीले तथा भन्सार एजेन्टले राजस्व दाखिलाको लागि नगद बोक्नुपर्ने, चेक भुक्तानीका लागि बैंक तथा वित्तीय संस्था धाउनुपर्ने लगायतका समस्याबाट मुक्त हुनेछ। यो प्रणालीबाट इन्टरनेट सेवा पहुँच भएका कुनै पनि स्थानबाट सहजै राजस्व भुक्तानी गर्न सक्नेछन्। भन्सार विभागले आगामी माघ महिनाभित्रै सबै भन्सार कार्यालयमा यो प्रणाली कार्यान्वयन गर्ने गरी कार्य अघि बढाइएको बताइएको छ।

### चार वटा प्रहरी चौकीको भवन निर्माण

पर्सामा चार वटा प्रहरी चौकीको नयाँ भवन निर्माण भएको छ। प्रदेश नं २ आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु एक करोड ४५ लाख ३२ हजार ५५८ को लगानीमा पर्साका चार वटा प्रहरी चौकीको भवन निर्माण भएको हो।

यसरी निर्माण भएका प्रहरी चौकी भवनमा महादेपटी, पाणेपुर, सुर्वणपुर र सबैठवा रहेका छन्।रासस

# संसद् सञ्चालन गर्न प्रमुख प्रतिपक्षी दललाई आह्वान

**टुडे एक्सप्रेस** / काठमाडौँ



प्रधानमन्त्री शेरबहादुर देउवाले आह्वान गर्नुभएको आइतवारको सर्वदलीय बैठकले संसद् नियमित गर्न दिन प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) लाई आह्वान गरेको छ।प्रधानमन्त्री निवास बालुवाटारमा साँझ बसेको बैठकका निर्णयबारे जानकारी दिँदै नेपाल सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले संसद् निरन्तर अवरुद्ध हुँदा नियमित कामका साथै जनअपेक्षासमेत प्रभावित भएकाले जननिर्वाचित संस्थालाई लामो बन्धक बनाउनु उचित नहुने सर्वदलीय निष्कर्ष रहेको जानकारी दिनुभयो। यद्यपि उक्त बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले भने सहभागी थिएन। "निरन्तर संसद् गतिरोधका कारण केही महत्वपूर्ण विधेयक र प्रस्तावसमेत अल्झिएका छन्, संसदीय लोकतन्त्रलाई जीवन्त राख्न प्रतिपक्षको भूमिका महत्वपूर्ण हुन्छ", बैठकपछि सञ्चारकर्मीमाझ प्रवक्ता कार्कीले भन्नुभयो, "सशक्त प्रतिपक्ष हुनुको अर्थ संसद् नै चल्न नदिनु भन्ने होइन, विरोध र असहमति प्रकट गर्ने मूल थलो संसद् भए पनि सिङ्गो संसद्लाई यसरी बन्धक बनाउँदा लोकतन्त्र र संसदीय अभ्याससमेत कमजोर हुन जाने खतरा हुन्छ।" उहाँले प्रतिपक्षले उठाएका विषयमा संवाद गर्न र उपयुक्त सहमति खोज्न सरकार तयार रहेको पनि बताउनुभयो। अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमससिसी) सम्झौताका विषयमा पत्रकारले सोधेको जिज्ञासामा सरकारका प्रवक्ता कार्कीले सर्वदलीय बैठकमा कसरी अघि बढाएर लैजाने भन्ने विषयमा दलबाट फरक फरक धारणा आएको जानकारी दिनुभयो। उहाँले त्यस विषयमा फेरि छलफल गरेर निष्कर्षमा पुग्ने पनि बताउनुभयो। प्रधानमन्त्रीले आमन्त्रण गरेको बैठकमा प्रमुख प्रतिपक्ष सहभागी हुनुपर्नेमा त्यो हुन नसक्नु विडम्बना भएको उहाँको धारणा थियो।

बैठकमा सहभागी नेपाल मजदुर किसान पार्टीका नेता प्रेम सुवालले एमसिसीका विभिन्न बुँदा नेपालको सार्वभौमसत्तामाथि हस्तक्षेप गर्ने खालको रहेकाले सम्झौता खारेज हुनुपर्ने आफूले विषय उठाएको जानकारी दिनुभयो। उहाँले यो हिन्द प्रशान्त क्षेत्रको अमेरिकी नेतृत्वको सैन्य गठबन्धन नै भएको आफ्नो पार्टीको निष्कर्ष रहेको पनि बताउनुभयो। संसद् अवरोध भएको सन्दर्भमा भनाइ राख्दै सुवालले संसद्मा कि बोल्न पाउनुपर्‍यो कि अवरुद्ध भएका बेला संसद्का कामकारबाही अघि बढाउनुभएन भनेर आफूले प्रस्ताव राखेको पनि उहाँले बताउनुभयो। उहाँका अनुसार सर्वदलीय बैठक अघि बसेको पाँच दलीय गठबन्धनको बैठकले एमसिसीलगायतका विषयमा छलफल गर्न एक कार्यदल गठन गरेको बताइएको छ। नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टीका नेताले एमसिसी संशोधन गरेर अघि बढ्नुपर्ने बताएको उहाँले जानकारी दिनुभयो। माओवादी अध्यक्ष 'प्रचण्ड'ले पनि संशोधन हुनुपर्छ भनेर छलफल भएको बैठकमा जानकारी गराएको सुवालले उल्लेख गर्नुभयो। बैठकमा नेपाली कांग्रेस र जनता समाजवादी पार्टी भने यही अवस्थामा एमसिसी अघि बढाउने पक्षमा देखिएको पनि उहाँले जानकारी दिनुभयो।

बैठकमा प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति देउवा र सरकारका प्रवक्ता कार्कीसहित कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, नेता रामचन्द्र पौडेल, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल, नेता नारायणकाजी श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी) पार्टीका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, महासचिव वेदुराम भुषाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, सोही पार्टीका सङ्घीय परिषद अध्यक्ष डा बाबुराम भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाललगायतको सहभागिता थियो।रासस

# बिजुलीको मागमा गुणात्मक वृद्धि, आगामी असारसम्म दुई हजार मेगावाट पुग्ने

**टुडे एक्सप्रेस** / काठमाडौँ

प्रभावकारी नीति, व्यावहारिक कार्ययोजनालगायत कारणले आन्तरिक बजारमा विद्युत्को माग उल्लेखनीय रुपमा वृद्धि भएको छ। हरेक वर्ष औसतमा २० प्रतिशतका दरले विद्युत्को माग बढेको पाइएको छ।विद्युत खपत बढाउनका लागि चालिएका कदम र जाडो बढेसँगै विद्युत्को आन्तरिक माग ह्वात्तै बढेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। प्राधिकरणले उपलब्ध गराएको तथ्याङ्कअनुसार, गतवर्षको तुलनामा यस वर्षको विद्युत्को उच्च माग (पिक डिमाण्ड) ३०० मेगावाटको हाराहारीमा बढेको छ। आन्तरिक रुपमा उत्पादन भएको विद्युत् खपत गर्न नसकी खेर जाने अवस्था आएपछि खपत बढाउन विद्युतीय उपकरणको प्रयोग बढाउने र उद्योगलाई चाहिएजति विद्युत् उपलब्ध गराउने नीति लिई सोहीअनुसार काम भइरहेको छ।विद्युतीय चुल्हो, एयर कन्डिशनलगायत विद्युत्बाट चल्ने घरायसी सामानको प्रयोगमा वृद्धि भएको पाइएको छ। सरकारीस्तरबाट चार्जिङ स्टेशन निर्माणको प्रक्रिया अगाडि नबढेको भए पनि निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेका छन्। त्यसले विद्युत्बाट सञ्चालन हुने यातायातका साधनको वृद्धि भएको छ।ठूला उद्योगलाई माग अनुसारको बिजुली उपलब्ध गराइएको छ। उद्योगले पर्याप्त विद्युत् पाएका कारण उत्पादन क्षमतामा वृद्धि भएको छ। त्यसबाट दैनिक रुपमा खपत बढिरहेको छ। प्राधिकरणले कात्तिकको अन्तिम सातादेखि नै देशकै ठूलो सिमेन्ट उद्योग होङ्शीलाई ३० मेगावाट विद्युत् उपलब्ध गराएको छ। चिनियाँ लगानीको अर्को हुवासिन सिमेन्ट उद्योगले पनि २० मेगावाट बिजुली जोडेको छ।विद्युत्को माग क्षमता (मेगावाट) र ऊर्जा (युनिट) दुवै बढिरहेको छ। उदाहरणका मङ्सिर २७ गते प्रणालीमा विद्युत्को उच्च माग एक हजार ५३९ मेगावाट थियो। गत वर्षको सोही दिनको माग एक हजार २१७ मेगावाटको थियो। गत वर्षको तुलनामा यो ३२२ मेगावाट बढी हो। यस आधारमा विद्युत्को पिक डिमाण्ड गत वर्षको सोही दिनको तुलनामा २६.५ प्रतिशतले वृद्धि भएको छ। गत मङ्सिर २७ गतेको प्रणालीको पिक डिमाण्ड पूर्तिका लागि प्राधिकरणका विद्युत् गृहबाट ५४० मेगावाट, प्राधिकरणका सहायक कम्पनीका विद्युत्गृहबाट ५२९ मेगावाट, निजी क्षेत्रका विद्युतगृहबाट ४२५ मेगावाट र भारतबाट २५ मेगावाट आयात गरिएको थियो। सोही दिन पिक समयमा पनि ४ मेगावाट विद्युत् भारततर्फ निर्यात गरिएको थियो।

विद्युत् बढी खपत हुने काठमाडौँ उपत्यकासहित आसपासको क्षेत्रमा विद्युत् माग पनि ह्वातै बढेको छ। काठमाडौँ उपत्यकामा विद्युत्को अधिकतम माग ९० मेगावाटको हाराहारीमा वृद्धि भएको छ। गतवर्ष २९३ मेगावाट रहेको काठमाडौँ उपत्यकाको पिक डिमाण्ड यस वर्ष ३८२ मेगावाट पुगेको छ। यसले पनि काठमाडौँ उपत्यकामा पनि उल्लेख्य रुपमा बिजुलीको मागमा वृद्धि भएको देखिन्छ। उपत्यकामा विद्युतीय चुल्होको प्रयोगमा वृद्धि भएको पाइएको छ। मङ्सिर २७ गते विद्युत् खपत दुई करोड ७२ लाख युनिट थियो। यो खपत गत वर्षको सोही दिनको दुई करोड ११ लाखको तुलनामा ६१ लाख युनिट बढी हो। ऊर्जाका आधारमा विद्युत् खपत गत वर्षको तुलनामा २८.६५ प्रतिशतले बढी हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत वर्षको तुलनामा यस वर्ष ३० प्रतिशतको हाराहारीमा पिक डिमाण्ड बढ्नु ठूलो उपलब्धि भएको बताउनुभयो। "घरायसी प्रयोजनका लागि इन्डक्सन चुल्हो तथा घरमा एयर कन्डिशनको प्रयोग बढिरहेको छ, विद्युतीय सवारी साधनको प्रयोग बढ्दा चार्जिङ स्टेसन विस्तार भइरहेको छ, औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत् उपलब्ध गराउने प्रयाससँगै लोडको माग बढिरहेको छ", उहाँले भन्नुभयो। उहाँले विद्युत्को माग अहिलेकै रुपमा बृद्धि भयो भने चालू आवको अन्त्यसम्ममा दुई हजार मेगावाटको हाराहारीमा पुग्न सक्ने देखिएको जानकारी दिनुभयो।कार्यकारी निर्देशक घिसिङले उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराएर देशभित्र उत्पादित विद्युत् आन्तरिक रुपमै खपत बढाउने कुरालाई पहिलो प्राथमिकतामा राखी अल्पकालीन र दीर्घकालीन योजनाअन्तर्गत प्रसारण तथा वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखी काम अगाडि बढाइएको बताउनुभयो। उहाँ आफैँले मुलुकभित्रका मुख्य औद्योगिक करिडोरको अनुगमन भ्रमण गरी उद्योगीहरूलाई चाहिए जति विद्युत् लिन आग्रह गर्दै आउनुभएको छ। प्राधिकरणको अल्पकालीन योजनाअन्तर्गत विद्युत् माग गरेका उद्योगलाई प्रसारण तथा वितरण लाइनको सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिट्टो सम्पन्न गर्ने रहेको छ।दीर्घकालीन योजनाअन्तर्गत विद्युत् खपत बढ्न सक्ने सम्भावित ठाउँको पहिचान गरी प्रसारण तथा वितरणतर्फका ठूला क्षमताका लाइन तथा सबस्टेसन निर्माण सुरु गर्ने प्राधिकरणको योजना छ। प्राधिकरणले थप विद्युत् आवश्यक पर्ने उद्योगलाई परिमाण खुलाएर तत्काल आवेदन दिन आग्रह गरिरहेको छ। मुख्य रुपमा औद्योगिक करिडोर क्षेत्रको विद्युत् प्रसारण तथा वितरण प्रणालीको सञ्जाल सुधारका लागि बृहत् सुदृढीकरणको काम अगाडि बढाइएको छ।रासस

# सर्लाहीका शताब्दीपुरुष थापाको अभिनन्दन

**टुडे एक्सप्रेस** / काठमाडौँ

सर्लाही हरिऔनस्थित चतुर्भुजेश्वर जनता उच्च माध्यामिक विद्यालय सुखीपोखरीको स्वर्ण महोत्सवका अवसरमा विद्यालयका संस्थापक एवं हरिऔन निर्माता शताब्दी पुरुष बबरजङ थापालाई अभिनन्दन गरिएको छ।उक्त विद्यालयको २०३२ सालको एसएलसी समूह९ब्याच० ले शनिबार विद्यालय परिसरमा आयोजना गरेको कार्यक्रममा त्यस बेलाको विद्यालयका गतिविधि समेटेर प्रकाशन गरिएको स्वर्ण वर्ष स्मारिका शताब्दी पुरुष थापाले लोकापर्ण गर्नुभयो। समाजसेवी १०१ वर्षीय शताब्दी पुरुष थापाले समग्र हरिऔन क्षेत्रमा शिक्षा, स्वास्थ्य, बजार, धार्मिक मठ मन्दिर र सडक विस्तारका लागि महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ। हरिऔन नगरपालिका प्रमुख गणेशप्रसाद प्रसाईं, पूर्वप्रधानाध्यापक कृष्णप्रसाद भट्टराई, डमेन्द्रप्रसाद घिमिरे, उमेशलाल दास तथा प्रधानाध्यापक रामप्रसाद बरालले गुरु-शिष्यको सम्बन्ध हराउँदै गएको परिप्रेक्षमा पुराना विद्यार्थीबाट भएका यस्ता कार्यक्रमबाट समाजलाई उत्प्रेणा प्रदान गर्ने धारणा व्यक्त गर्नुभयो।समारोहमा त्यस समयका उक्त विद्यालयका १५ शिक्षकलाई पनि सम्मान गरिए गरियो। उहाँहरूले पुराना विद्यार्थीले सम्झेर गरेको सम्मानबाट आफूहरू हर्षविभोर र आनन्दित भएको प्रतिक्रिया दिनुभयो।उक्त समूहका विद्यार्थी वरिष्ठ कवि दिनेश अधिकारी, होटल तथा पर्यटन प्रवर्द्धनमा क्रियाशील निरेन श्रेष्ठ र मुलुकको शिक्षा क्षेत्रका विकासमा क्रियाशील डा श्यामप्रसाद भट्टराई, हरिऔन गाउँपालिकाका तत्कालीन उपप्रमुख कोकिलानन्द उप्रेतीले गुरुलाई सम्मान गर्ने परम्परा समाजमा सदासर्वदा स्थापित होस् भन्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। उक्त समूहले यसअघि पूर्वप्रधानाध्यापक भट्टराई र महेन्द्रप्रसादलाई केही समयअघि काठमाडौँमा अभिनन्दन गरेको थियो।रासस




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर